
का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० भदौ २०८२
सोमबार
15 September 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सरकार न संसद् कहिल्यै चलेन पाँच वर्ष




नेपालले प्रजातान्त्रिक शासन व्यवस्था अभ्यास गर्न थालेको सात दशक भयो । सात दशकमा आठपटक चुनाव भयो । तर कुनै पनि संसदले पाँच वर्ष काम गर्न पाएका छैनन् ।



अहिले पनि नेतृत्वको कुबुद्धिले संसद पाँच वर्ष चल्न सकेन । यस अगाडि पनि तत्कालीन नेताहरूको अहंकारले नै संसदले पाँच वर्ष काम गर्न नपाएको देखिन्छ ।

**सोमबहादुर थापा**
**पूर्वसचिव**
**संसद् सचिवालय**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ भदौ

प्रतिनिधि सभाको चालू कार्यकाल तीन वर्ष पनि रहन सकेन । जेनजीको आन्दोलनपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए । त्यसपछि प्रतिनिधि सभाले सरकार बनाउने अवस्था रहेन । संसद् बाहिरबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री भएकी छन ।

गत शुक्रबार कार्की राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्ति भएकी थिइन् । आइतबार सिंहदरबार पुगेर पदभार ग्रहण गरिन् । अब प्रधानमन्त्री कार्कीले प्रतिनिधि सभामा गएर विश्वासको मत लिनुपर्दैन । किनभने प्रधानमन्त्री नियुक्त भएपछि कार्कीले पहिलो निर्णयमै प्रतिनिधि सभा विघटनको सिफारिस गरिन् । जसलाई राष्ट्रपति रामचन्द्र पौडेलले सदर गरे । प्रतिनिधि सभा विघटन गरेर आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति तोकिएको छ ।

यससँगै ४ मंसिर २०७९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभाको कार्यकाल २५ पुस २०७९ देखि सुरु भएको थियो । २७ भदौ २०८२ मै सकियो । यसको अवधि जम्मा दुई वर्ष आठ महिना मात्रै हुन्छ ।

यसपटक मात्रै प्रतिनिधि सभाले पूर्ण कार्यकाल काम गर्न नपाएको भने होइन । नेपालले प्रजातान्त्रिक शासन व्यवस्था अभ्यास गर्न थालेको सात दशक भयो । सात दशकमा नेपाली जनताले आठपटक मतदानबाट जनप्रतिनिधि चुनेका छन् । पृष्ठ २ मा

# जेनजी आन्दोलनले रविलाई झड्का

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ भदौ

जेनजी अर्थात् १४-२८ वर्ष उमेर समूहका युवाहरूको पछिल्लो आन्दोलनलाई सहयोग गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का थुप्रै नेता कार्यकर्ता दौडधुपमा लागे पनि सो आन्दोलन रास्वपाका लागि नै प्रतिउत्पादक बनेको छ । मुलुकमा व्याप्त भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दविरुद्ध सडकमा उत्रिएका युवाको आवेगले २७ घण्टामै सत्ता उलटफेर हुँदा त्यसको सबैभन्दा ठुलो लाभ रास्वपाले लिने विश्लेषण थियो । तर सो दलका लागि जेनजी आन्दोलनले नकारात्मक छाप छाडेको हो ।

भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनले सत्ता परिवर्तनसँगै ठुला राजनीतिक दलहरूको भविष्यमाथि खतराको घण्टी बजाएको थियो । आन्दोलनको पहिलो दिन शान्तिपूर्ण



प्रदर्शन भड्किएर बानेश्वर क्षेत्र रणभूमिमा परिणत हुँदा प्रहरीको गोली लागेर १७ जनाको ज्यान गयो । गोली लागेर घाइतेहरूको समेत उपचारका क्रममा मृत्यु हुनेक्रम रोकिएको छैन । हालसम्म ७२ जनाको ज्यान गइसकेको छ । अराजक गतिविधिलाई प्रश्रय दिएका रास्वपा, पृष्ठ २ मा

## चर्कियो आन्तरिक लफडा

रास्वपाकी पूर्व सहमहामन्त्री एवं निवर्तमान सांसद सुमना श्रेष्ठले आइतबार रास्वपा छाडिन् । पार्टी केन्द्रीय सदस्यहरूको ह्वाट्स एप ग्रुपमा तीन विषयमा असन्तुष्टि जनाउँदै पार्टी छाडेको घोषणा गरेकी श्रेष्ठले पार्टीको मूल नेतृत्व अर्थात् सभापति रवि लामिछामाथि आक्रोशित बनेकी छन् ।

उनले लेखेकी छन्, 'अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नुहोला । मैले पार्टी छोडें ।' श्रेष्ठले स्पष्ट रूपमा पार्टी नेतृत्व अर्थात् रास्वपा सभापति रवि लामिछानेप्रति संकेत गर्दै असन्तुष्टि व्यक्त गरेकी छन् । 'जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति बेलादेखि नै आलोचना गर्दै आएको हुँ' उनले लेखेकी छन्, 'तर त्यसले कत्ति पनि फरक पारेन । अझ उल्टै मिडिया ट्रायल हुन थाल्यो । यो स्वीकार्य छैन ।'

तीन वर्षअघि पार्टी स्थापना हुँदा रास्वपाको क्रेज जति देखिन्थ्यो आज आइपुग्दा त्यसैगरी पृष्ठ २ मा



# मूल एजेन्डामा मौन प्रधानमन्त्री

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २९ भदौ

प्रधानमन्त्री सुशीला कार्कीले पदभार ग्रहण गरेसँगै तीन मन्त्रीको टुंगो लगाएकी हुन् । गृह र कानुन मन्त्रालयमा ओमप्रकाश अर्याल, अर्थ मन्त्रालयमा रामेश्वर खनाल र ऊर्जा मन्त्रालयमा कुलमान घिसिङलाई जिम्मेवारी दिने भएकी हुन् । अन्तरिम सरकारमा पूर्वकर्मचारीहरूको बोलवाला पृष्ठ २ मा

## तीन मन्त्रीको टुंगो




# हार्दिक समवेदना



जन्म
वि.सं. १९९०/१०/१२

स्वर्गारोहण
वि.सं. २०८२/०५/१८

**स्व. बमबहादुर कटुवाल**

हाम्रा शुभेच्छुक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष, लोक दर्शन वचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तथा **ब्लु स्काई इन्टरनेशनल प्रा.लि.** का सञ्चालक श्री प्रेम बहादुर कटुवालज्यूका पुजनीय पिता **बमबहादुर कटुवाल**को स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । स्वर्गीय कटुवालको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**नवराज केसी.**
प्रवन्ध निर्देशक तथा
**प्याराडाईज इन्टरनेशनल प्रा. लि.**
कुपण्डोल ललितपुर


**वैदेशिक रोजगार विशेष**

# पहिला सुरक्षा अनि व्यवसाय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ

वर्तमान परिस्थितिमा व्यवसायभन्दा सुरक्षा पहिले भन्दै वैदेशिक रोजगार व्यवसायी आफ्नो कार्यालय आसपासमा रहेका प्रहरी चौकी सरसफाइ तथा बसोबासका आवश्यक सामग्री जुटाउन सक्रिय भएका छन् ।

जेनजी प्रदर्शनका क्रममा भदौ २४ गते भएको आगजनी र तोडफोडमा राजधानीमा रहेका प्रहरी वृत्त, प्रभाग र चौकीहरूमा व्यापक क्षति पुगेको छ । प्रहरी चौकीहरूमा लत्ताकपडा, चौखट, झ्यालका सिसा, शौचालय, पिउने पानीको प्रणाली ध्वस्त भएकाले प्रहरी ड्युटी गर्ने अवस्थामा समेत प्रतिकूलता झेलिरहेका छन् । कतिपयका पोशाक, हतियार, पृष्ठ २ मा

## फ्युचर इम्प्लोइमेन्टद्वारा दरबारमार्ग प्रहरीलाई खाट र प्लाई प्रदान

**काठमाडौं/मस–** राजधानीको गैह्रीधारामा कार्यालय रहेको फ्युचर इम्प्लोइमेन्ट सर्भिस प्रालिले दरबारमार्ग प्रहरी वृत्तलाई तीन थान पृष्ठ २ मा



## तीन प्रहरी कार्यालयलाई सहयोग गर्न एकता समितिको पहल

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुशीले जेनजी प्रदर्शनका क्रममा आगजनी भई क्षतिग्रस्त तीन वटा प्रहरी कार्यालयलाई शान्ति सुरक्षाका लागि सहयोग जुटाउने पहल सुरु गरेको छ । पृष्ठ २ मा


## मलेसियामा Security Guard हरूको लागि रोजगारको अवसर

कम्पनी: WIRA JASA SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०५/२९ — चलानी नं.: ६०२४४७७९ — L.T. No.: 331035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 0 | स. काममा दक्ष | 1700 | ५६,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SETIA SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०५/२९ — चलानी नं.: ६०२४४७८० — L.T. No.: 331036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्र-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भई रहेको छ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Contact No: 01-5912818, 9701018326, 9701018328, 9701018329, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

# तीन दिनभित्र क्षतिको विवरण निकाल्ने सहरी मन्त्रालयको तयारी



**काठमाडौं/मस–** सहरी विकास मन्त्रालयले तीन दिनभित्र आगलागीबाट क्षति भएका भौतिक संरचना, अन्य उपकरणलगायत गाडीहरूको विवरण निकाल्ने तयारी गरेको छ। मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलको संयोजकत्वमा आइतबार मन्त्रालयमा बसेको बैठकले गत मंगलबार 'जेनजी' युवाको प्रदर्शनका क्रममा भएको तोडफोड तथा आगजनीबाट पुगेको क्षतिको विवरण संकलन गर्ने निर्णय गरेको हो।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मन्त्रालयका ५० वटा गाडी जलेर खरानी भएका, केही गाडीहरू तोडफोड भएका, कार्यालयका उपकरण ताथ सामानहरू चोरी भएका बताउँदै बाँकी क्षतिको विवरण संकलन भइरहेको जानकारी दिए।

'सिंहदरबारका अधिकांश भवन आगलागीबाट जले पनि सहरी विकास मन्त्रालय भने जोगिएको छ, तर यहाँका समानहरू चोरी भएका छन्। गाडी जलेर सबै नष्ट भएका छन्। हामी कार्यालयसम्म पैदल हिँडेर आएका हौँ', उनले भने, 'मन्त्रालयले तीन दिनभित्र क्षतिको विवरण निकाल्नेछ। आगामी दिनमा शोकलाई शक्तिमा बदल्दै कसरी अगाडि बढ्ने भन्ने तयारी पनि गरिरहेका छौँ।'

सचिव सिग्देलका अनुसार मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भने आगलागीका कारण ६० प्रतिशत जलेका छन्। अब कहाँ बसेर काम गर्ने भन्ने विषयमा अन्योल रहेको उनको भनाइ छ। 'मन्त्री क्वाटरसहित मन्त्रालयद्वारा निर्माण सम्पन्न भएका भवनहरूको पनि केकति क्षति भएको छ, संकलन गर्नेछौँ। आइतबार भने हामी कसरी अगाडि बढ्ने छलफल गर्ने, सरसफाइ गर्नेलगायत कार्य गरेका छौँ', उनले भने।

जेनजी आन्दोलन

# तोडफोड र आगजनीबारे छानबिन आयोग गठन गर्न माग

**काठमाडौं/मस–** जेन-जी पुस्ताको आन्दोलनका क्रममा सरकारी संरचना, न्यायालय र संवैधानिक निकायमाथि भएको तोडफोड तथा आगजनी घटनाबारे छानविन गर्न शक्तिशाली आयोग गठन गर्नुपर्ने माग उठेको छ। कानून व्यवसायीहरुले आइतबार सर्वोच्च अदालत परिसरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै यस्तो माग गरेका हुन्।



गत २३ र २४ भदौमा भएको आन्दोलनका क्रममा सिंहदरबार, सर्वोच्च अदालत, संघीय संसद भवनलगायतका सरकारी तथा निजी संरचना जलेर ध्वस्त भएका थिए। यसले देशको न्यायिक र प्रशासनिक प्रणाली नै ठप्प बनाएको भन्दै कानुन व्यवसायीहरुले अन्तरिम सरकारलाई तत्काल छानविन आयोग गठन गरी दोषीमाथि कडा कारबाही गर्न ध्यानाकर्षण गराएका हुन्।

अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले आन्दोलनकै नाममा अदालतमाथि भएको आक्रमणलाई न्यायको पवित्र मन्दिरमाथिको आक्रमण मात्र नभइ आम नेपाली जनतामाथिको अन्याय भएको बताए।

उनले सर्वोच्च अदालतका अधिकांश रिटका मिसिल नष्ट भएको जानकारी दिँदै यसले जनतालाई न्याय पाउने अधिकारबाट वञ्चित गरेको बताए। शर्माले भने,'सर्वोच्च अदालतको संरचनामा भएको आक्रमण न्यायको पवित्र मन्दिरमाथिको आक्रमण त हो नै, यसले नेपाली जनतालाई न्यायबाट वञ्चित गरेको छ। अदालतका रिट ३, ६ र ७ बाहेक अरु मिसिल ध्वस्त भएको सुचना पाएका छौं। यो अवस्था कानून व्यवसायीहरुको रोजिरोटी खोस्ने र जनतालाई न्याय नदिने षड्यन्त्र हो। दोषीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ र यसको छानविनका लागि शक्तिशाली आयोग गठन गर्नुपर्छ।'

नेपाल बार एशोसिएशनका अध्यक्ष डा.विजयप्रसाद मिश्रले पनि न्यायिक काम अगाडि बढाउन असम्भवजस्तै परिस्थिति सिर्जना भएको बताए। उनले सर्वोच्च अदालतको भवन जलेर भत्किएको, बस्ने ठाउँ र काम गर्ने वातावरण नभएको कारण तत्काल प्रभावकारी काम गर्न नसकिने बताए।

मिश्रले भने, 'अहिले तत्काल काम गर्न असम्भवजस्तै छ। पहिले बस्ने ठाउँ निर्माण हुनुपर्छ, काम गर्ने वातावरण बन्नुपर्छ, सुरक्षाको प्रबन्ध हुनुपर्छ। त्यसपछि मात्र न्यायिक प्रक्रिया अगाडि बढ्छ। आन्दोलन सुरुमा सुशासन र भ्रष्टाचारविरोधी नारासहित आएको थियो तर सरकारले गोली चलाएर हिंसात्मक परिस्थितिको जन्म दियो।'

अधिवक्ता कमल कोईरालाले भने संकटको बेलामा पनि सर्वोच्च अदालतले टेन्ट टाँगेर सेवा सुरु गरेको उल्लेख गर्दै यसले नागरिकसँगै न्यायालयको उपस्थिति देखाएको बताए। उनले यस्तो कठिन समयमा सबै निकाय मिलेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

कोइरालाले भने, 'अहिले बन्दी प्रत्यक्षीकरणको मुद्दा दर्ता गर्ने र आवश्यकताअनुसार पेसी गर्ने हेतुले सर्वोच्चले काम सुरु गरेको छ। टेन्टमुनिबाट सेवा दिनु आफैंमा अभुतपूर्व छ। यसले न्यायालय जनताको साथमै रहेको सन्देश दिएको छ।' आन्दोलनका क्रममा सर्वोच्च अदालतमा भएको आगजनीले भवनका भौतिक पूर्वाधार मात्र नभइ महत्वपूर्ण कागजात समेत जलेर नष्ट भएका छन्।

# सरकारमा समानुपातिक सहभागिता सुनिश्चित गर्न आयोगको अपिल

काठमाडौं/मस- आदिवासी जनजाति आयोगले नयाँ बनेको अन्तरिम सरकारमा आदिवासी जनजाति समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्न राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीसमक्ष अपिल गरेको छ।

आयोगका अध्यक्ष रामबहादुर थापामगरले एक विज्ञप्ति जारी गर्दै भनेका छन्,'आदिवासी जनजाति समुदायले राज्य व्यवस्थामा आफ्नो पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न विगतदेखि संघर्ष र बलिदान गर्दै आएको छ। यसैले संक्रमणकालीन परिस्थितिमा नयाँ मन्त्रिपरिषद् गठन हुँदा समुदायको समानुपातिक सहभागिता सुनिश्चित हुनु आवश्यक रहेको छ।'

आयोगले स्वदेश तथा विदेशमा रहेका आदिवासी जनजाति समुदाय र सम्बन्धित संघसंस्थाहरूलाई जागरूक र क्रियाशील रहन अपिल गरेको छ।

यस्तै आयोगले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा मृत्यु भएकाहरुप्रति श्रद्धाञ्जली र घाइतेप्रति शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

आन्दोलनमा ५९ जना प्रदर्शनकारी, १० जना कैदीबन्दी र ३ जना सुरक्षाकर्मी गरी ७२ जनाको ज्यान गएको छ। यस्तै १ सय ३४ जना प्रदर्शनकारी र ५७ जना प्रहरी घाइते भएका छन्।

# हेल्प मधेशी मलेसियाको नयाँ नेतृत्व

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २९ भदौ

हेल्प मधेशी मलेसियाको तेस्रो अधिवेशन तथा सम्मान कार्यक्रम क्वालालम्पुरमा सम्पन्न भएको छ। 'तन, मन, धन'भन्ने नारासहित आयोजित कार्यक्रममा प्रवासी नेपाली मधेशी समुदायबीच एकता, सहयोग र सेवाको भावना झल्किएको थियो।कार्यक्रममा मलेसियास्थित नेपाली समाजका अगुवा, बुद्धिजीवी, संघसंस्थाका प्रतिनिधि, मिडिया पार्टनर तथा विशिष्ट अतिथिहरूको उल्लेखनीय उपस्थिति थियो। कार्यक्रममा प्रवासी समुदायको योगदानलाई कदर गर्दै विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो।



अधिवेशनले हेल्प मधेशी मलेसियाको नयाँ नेतृत्व चयन गरेको छ। नवनिर्वाचित पदाधिकारीमा प्रमोद कुमार महतो अध्यक्ष, सुरेन्द्र महतो वरिष्ठ उपाध्यक्ष, संजिव यादव द्वितीय उपाध्यक्ष, सन्तोष महतो महासचिव, तुलाराम मण्डल सचिव, फुलगेन महतो सह-सचिव, जयप्रकाश साह कोषाध्यक्ष, रामनारायण मण्डल सह-कोषाध्यक्ष र देव ना.महतो मिडिया रिपोर्टर रहेका छन्। यस्तै बेचन मण्डल वरिष्ठ सल्लाहकार, बसन्त मण्डल, राजेन्द्र यादव र राम उदगार यादव सल्लाहकार बनेका छन् भने सदस्यहरूमा रामबहादुर महतो, आनन्देव मण्डल र पशुपति ठाकुर रहेका छन्।

शाखा अध्यक्षहरूमा जोहोरमा आनन्द साह, सेरेम्बानमा सूर्यनारायण यादव र क्वालालम्पुरमा पवन कुमार महतो निर्वाचित भएका छन्।

**सरकार...**

कुनै पनि प्रतिनिधि सभाले पाँच वर्ष काम गर्न पाएका छैनन्। पूर्ण कार्यकाल काम गरेको भनिएका प्रतिनिधि सभाको कार्यअवधि समेत पाँच वर्ष पुगेको पाइँदैन। यसअघि २०७४ देखि २०७९ सम्मको प्रतिनिधि सभाको कार्यकाल चार वर्ष सात महिना रहेको थियो। त्यसबेला पूर्ण कार्यकाल प्रतिनिधि सभा रहेको भनिए तापनि पाँच वर्ष अवधि पुग्न सकेको थिएन। त्यसबेला २१ फागुन २०७४ देखि सुरु भएको प्रतिनिधि सभाको कार्याकाल १ असोज २०७९ मा सकिएको थियो। त्यसअगाडि २०७० देखि २०७४ सम्मको अवधिमा प्रतिनिधि सभाको कार्यकाल तीन वर्ष आठ महिना रहन पुगेको थियो।१२ माघ २०७० देखि २८ असोज २०७४ सम्म चलेको सो प्रतिनिधि सभालाई पनि पूर्ण कार्यकाल चलेको रूपमा लिइन्छ।

२०६५ सालदेखि २०६९ सम्मको अवधि पनि पूर्ण कार्यकाल रहेको थियो। तर त्यसबेलाको अवधि भने चार वर्ष मात्रै थियो।१५ जेठ २०६५ देखि १४ जेठ २०६९ सम्म चलेको उक्त संविधान सभाले संविधान भने दिन सकेन। त्यसपछि २०७० मा दोस्रोपटक संविधानसभाको चुनाव हुन पुगेको हो। २०७२ साल असोज ३ गते संविधान जारी भएपछि व्यवस्थापिकामा रूपान्तरित भएर काम गरेको थियो।

त्यसअगाडिका प्रतिनिधि सभा पनि पाँच वर्ष चलेका थिएनन्। २०५६ सालदेखि २०५९ सम्म रहेको संसद्ले २ वर्ष ११ महिना काम गरेको थियो। ६ असार २०५६ देखि ८ जेठ २०५९ सम्म चलेको संसद् तत्कालीन राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि विघटन हुन पुगेको हो। २०५१ देखि २०५५ सम्म चलेको संसदको अवधि पनि पाँच वर्ष पुगेन। २८ मंसिर २०५१ देखि ४ माघ २०५५ सम्म चलेको संसदको अवधि चार वर्ष दुई महिना रह्यो। २०४८ देखि २०५१ सम्म चलेको संसदको अवधि तीन वर्ष दुई महिना हो। त्यसबेला २९ वैशाख २०४८ देखि २७ असार २०५१ सम्म प्रतिनिधि सभा चलेको थियो।

२०४८ मा भएको संसद्मा नेपाली कांग्रेसले बहुमत ल्याएको थियो। तर कांग्रेसभित्र गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई र गणेशमानसिंहको टकरावले प्रतिनिधि सभा विघटन हुन पुगेको थियो।

नेपालको पहिलो प्रतिनिधि सभा २०१६ भने एक वर्ष पनि चल्न सकेन। २००७ सालमा प्रजातन्त्र आए तापनि २०१५ सालमा मात्रै आमचुनाव हुन सक्यो। २०१५ सालको चुनावबाट बनेको प्रतिनिधि सभा २०१६ सालमा ८ महिना १३ दिनमै सकियो। १८ चैत २०१६ देखि १ पुस २०१७ सम्म चलेको त्यसबेलाको प्रतिनिधि सभा नै नेपालको पहिलो प्रतिनिधि सभा हो।

त्यसबेला तत्कालीन राजा महेन्द्र र तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाबीचको टकराव थियो। टकरावका बीच सेनाको सहयोग लिएर तत्कालीन राजा महेन्द्रले १ पुस २०१७ मा प्रतिनिधि सभा भंग गरेर पञ्चायती शासन व्यवस्था सुरु गरेका थिए। पञ्चायती व्यवस्था ३० वर्षसम्म चल्यो।

पञ्चायती व्यवस्था ढालेर २०४६ सालमा प्रजातन्त्र पुर्नबहाली भयो। प्रजातन्त्र पुर्नबहाली भएयताको संसदीय अभ्यासमा समेत प्रतिनिधि सभाले पाँच वर्ष पूरा अवधि काम गर्न पाएको छैन। संसद् नै पाँच वर्ष नरहेपछि सरकार पाँच वर्ष रहने कुरै भएन। बरु नेपालमा एक/एक वर्षको अवधिमा सरकार बदलिएका उदाहरण धेरै छन्।

संसद् सचिवालयका पूर्वसचिव सोमबहादुर थापाका अनुसार नेपालमा नेतृत्वको टकराव र दूरदर्शिताको अभावले संसदले पाँच वर्ष अवधि काम गर्न नपाएका हुन्।

उनी भन्छन्, 'अहिले पनि नेतृत्वको कुबुद्धिले संसद् पाँच वर्ष चल्न सकेन। यस अगाडि पनि तत्कालीन नेताहरूको अहंकारले नै संसदले पाँच वर्ष काम गर्न नपाएको देखिन्छ।' उनकाअनुसार फेरि पनि राजनीतिक स्थिरताका लागि नेतृत्व क्षमता, सोच र दूरदर्शिता नै महत्वपूर्ण रहनेछ।

**मूल...**

हुनेगरी मन्त्रीहरू नियुक्त गरिएको हो। अहिलेसम्म आन्दोलनरत जेनजी समूहका तर्फबाट कसैलाई पनि मन्त्री नियुक्त गरिएको छैन।

नवनियुक्त अर्थमन्त्री खनाल पूर्वअर्थसचिव हुन् भने घिसिङ विद्युत् प्राधिकरणका पूर्वकार्यकारी प्रमुख थिए। उनलाई अघिल्लो केपी ओली सरकारले बर्खास्त गरेको थियो। यस्तै, गृहको जिम्मेवारी पाएका अर्याल मानवअधिकारकर्मी एवं कानुन व्यवसायी हुन्। उनी काठमाडौं महानगरपालिकाका मेयर बालेन साहको कानुनी सल्लाहकारबाट राजीनामा दिएर रुपन्देही ३ मा चुनाव लड्ने तयारीमा थिए। सिंहदरबार पुगेर कार्यभार सम्हालेलगत्तै प्रधानमन्त्री कार्कीले मन्त्रीहरू नियुक्त गरेकी हुन्। उनको मन्त्रिपरिषद्को आकारबारे टुंगो लागिसकेको छैन।

युवा पुस्ताको सोचअनुसार आफूले काम गर्ने दाबी गरेकी नवनियुक्त प्रधानमन्त्री कार्कीले भ्रष्टाचारको मूल एजेन्डाभन्दा अन्तै ध्यान दिएकी छन्। जेनजी आन्दोलनले उठाएको भ्रष्टाचारको एजेन्डामा मौन रहेकी प्रधानमन्त्री कार्कीले आइतबार पदभार ग्रहण गर्दै आन्दोलमा मृत्यु भएका युवालाई शहीद घोषणा गरेकी हुन्।

प्रधानमन्त्री कार्कीले पहिलो निर्णय नै मुलुकको भ्रष्टाचार अन्त्यका लागि शक्तिशाली आयोग बनाएर सबै नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गर्ने धेरैको आकांक्षा थियो। तर प्रधानमन्त्रीले परिवर्तनका मूल एजेन्डामै प्रवेश गरेकी छैनन्। यसले युवा पुस्ताले गरेको आन्दोलनको मर्म र भावना नसमेटिएको भन्दै तात्विक परिवर्तनको महसुस नभएको आन्दोलनका अगुवाहरूको टिप्पणी छ। जेनजीको मुख्य मुद्दा भ्रष्टाचार नियन्त्रणका विषयमा अहिलेसम्म कुनै सहमति वा निर्णय हुन सकेको छैन। तर उनले युवाहरूको सोचअनुसार आफूले काम गर्ने प्रतिबद्धता भने व्यक्त गरेकी छिन्। आन्दोलनका क्रममा मृत्यु भएकाहरूलाई शहीद घोषणा गर्ने कार्कीले निर्णय लिएकी छिन्। आइतबार सिंहदरबारस्थित कार्यालयमा पदभारपछि पहिलो निर्णयमा हस्ताक्षर गरिन्।

साथै, आन्दोलनका घाइतेको निःशुल्क उपचार र मृत्यु भएकाहरूको परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको मुख्यसचिव एकनारायण अर्यालले जानकारी दिए।

**जेनजी...**

माओवादी र राप्रपामध्ये रास्वपाको धेरै आलोचना भइरहेको छ। काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह आन्दोलनको नेतृत्व गर्न नउत्रिएपछि जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई जेलबाटै निकालेर मैदानमा उतारिएको थियो। त्यही गलत कदम नै रास्वपाका लागि प्रत्युत्पादक बनिदियो।

आन्दोलनरत युवाहरूले सहकारी ठगीको आरोपमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेलाई नख्खु कारागार घेरेर बाहिर निकालेका थिए। आन्दोलनको बलमा जेलमुक्त हुन पाएको खुसी साट्दै जेलबाहिर निस्केर उपस्थित भिडसामु नतमस्तक थिए, रवि। रविलाई निकालेर आन्दोलनको बलमा प्रधानमन्त्री बनाउने योजनासहित कारागार घेराउमा रास्वपाका कार्यकर्ता नै परिचाति थिए। तर जेनजी अगुवाहरूले सामाजिक सञ्जालबाटै चर्को विरोध जनाएपछि रवि र उनको दल रास्वपाका नेताहरूले सुरक्षाका कारण कारागार प्रशासनले नै प्रक्रिया पुऱ्याएर उनलाई जेलमुक्त गरेको दाबी गरेका छन्। उनीहरूले पत्र नै सार्वजनिक गरेका थिए। तर समय क्रममा कारागार विभागले रविलाई छाड्न दिएको भनिएको पत्रसमेत किर्ते भएको खुलेको छ। यस घटनाले आमरूपमा रविबारे नकारात्मक सन्देश गयो। कान्तिपुरलगायत मिडिया र अन्य दलका नेताहरूका घर जलाउन जानेहरूमा पनि रास्वपाका कार्यकर्ता रहेको प्रहरी स्रोतको भनाइ छ।

२४ भदौको विध्वंशमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साह, माओवादी केन्द्र र राप्रपाका कार्यकर्ता परिचालन भएको पाइएको छ। संलग्नहरूको तस्बिर र भिडियो सार्वजनिक हुन थालेपछि माओवादी केन्द्रले सो घटनामा संलग्न आफ्ना कार्यकर्तालाई कारबाही गर्ने जनाएको छ। यस आन्दोलनमा गैरनेपालीसमेतको संलग्नता रहेको थियो। लामिछाने जेलबाट भागेपछि देशभरका विभिन्न जेलबाट १४ हजार कैदीबन्दी भागेका थिए। यसमा कैदीबन्दीहरूको प्रश्न थियो- 'रवि निस्कन हुने हामी किन नपाउने ?' तर लामिछानेले यसलाई अस्वीकार गर्दै कारागार विभागको नाममा किर्ते पत्र बनाएर सामाजिक सञ्जालमा पढ्दै हिँडेका छन्। यसले आमसमर्थकमा उनीप्रतिको विश्वासको संकट उत्पन्न गरिदिएको रास्वपाकै नेताहरूले बताउँछन्। जेनजी आक्रोशलाई अदालतमा आगो लगाउनसमेत भड्काएको आरोप उनीमाथि लागेको छ। यसरी जेनजी 'क्रान्ति'बाट रातारात राज्यसत्ता आफ्नो हातमा लिने उनको भित्री महत्वाकांक्षा अन्ततः उनैको योजना प्रत्युत्पादक बनेको छ। कारागार प्रशासनको हाजिर हुने पत्रका आधारमा लामिछाने आफैं नख्खु जेल गइसकेका छन्।

जेनजीले गरेको आन्दोलका क्रममा प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिएर बालुवाटारबाट भागेपछि पनि नेताहरूमाथिको आक्रमण र सार्वजनिक सम्पत्ति जलाउने काम रोकिएन। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाकै अगाडि भौतिक संरचना ध्वस्त भएका छन्। ती संरचना जोगाउने विषयमा नेपाली सेनाको भूमिका कमजोर देखिएको आमटिप्पणी भएको छ। सो आन्दोलनबाट मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, तीन तहकै अदालत, प्रहरी, प्रशासन, प्रधानमन्त्री निवास, राष्ट्रपति कार्यालय, राजनीतिक दलका शीर्ष नेताहरूका निजी निवास आन्दोलनकारीको निशानामा परे। प्रधानमन्त्री, मन्त्रीहरू, राजनीतिक दलका नेता भागाभाग भएपछि नेपाली सेनाले उद्धार गरेर सुरक्षित स्थानमा पुऱ्याएको थियो। पूर्वप्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, परराष्ट्रमन्त्री आरजु राणासहित केही नेताहरूलाई भने आन्दोलनकारीले भेटाएर कुटपिटसमेत गरेका थिए। आन्दोलनका क्रममा भौतिक तथा मानवीय क्षेत्र पुऱ्याउनेहरूको तथ्यांक नेपाल प्रहरीले संकलन गरिरहेको छ। घटनाको अनुसन्धान सुरु भइसकेकाले केही समयमै वास्तविकता पत्ता लाग्ने प्रहरीले दाबी गरेको छ।

**चर्कियो...**

खस्किएको छ। पार्टी स्थापनाको ६ महिनामै संसदको चौथो दलको हैसियत बनाएको थियो। पुराना दल एमाले र माओवादी सरकारका दुईपटक सहभागी भएपछि रास्वपामाथिको अविश्वास सुरु भएको थियो। यसैबीच पार्टी सभापति लामिछाने सहकारी ठगीको आरोपमा जेल परेपछि पार्टीमा एकताका साथ उनलाई निकाल्ने कोसिस हुँदै आएको थियो। तर अहिले उनलाई विस्तारै नेताहरूले छाड्दै जाने तयारीमा छन्।

दासोपटक सरकारमा जाने तयारी भइरहँदा सभापति लामिछानेले सांसद ढाकाकुमार श्रेष्ठसँग पैसा आवश्यक भएको भनेपछि उनले मेडिकल व्यवसायी दुर्गा प्रसाईसँग ३ करोड डिल गरेको अडियो सार्वजनिक भएको थियो। पछिल्लो समय विभिन्न जिल्ला क्षेत्र र प्रदेश समितिका नेताहरूले धमाधम पार्टी छाडिरहेका छन्। कतिपयलाई पार्टीले कारबाहीसमेत गर्दै आएको छ। लामिछानेको उत्तेजक भाषणबाट फ्यान भएकाहरूले सिर्जना गरेको माहोल पटकपटकको सत्ताका लागि गरेको सौदाबाजी र ठुला दलका नेताहरूसँगको साठगाँठले गर्दा पार्टीप्रतिको क्रेज घटेको गत इलामको उपनिर्वाचनले पुष्टि गरेको थियो। सोही क्रममा पार्टीकै महामन्त्री मुलुक ढकालले जिल्लाजिल्लामा पुगेर पार्टीको प्रतिवेदन ल्याएपछि सभापति लामिछानेलगायत नेताहरूले महामन्त्रीलाई साधारण सदस्यबाटै हटाएका थिए। त्यसयता रास्वपाभित्र आन्तरिक लफलडा एकपछि अर्को गर्दै आइरहेको छ।

**पहिला...**

लट्ठी, सञ्चार सेट छैनन् भने तत्कालै घटनास्थलमा पुग्न सवारी साधनको पनि अभाव देखिएको छ। उपत्यकाका तीन जिल्लाका प्रहरी नायव उपरीक्षक (डिएसपी)ले कमान्ड गर्ने १८ वटा वृत्तमध्ये मालीगाउँ वृत्तमात्रै सुरक्षित रहेको छ।

आन्तरिम सरकार गठनसँगै केही आशा पलाएको भएपनि सरकारले उपलब्ध गराउने बजेटले मर्मत गर्दा महिनौं लाग्ने र दिनानुदिनको शान्ति सुरक्षा कमजोर हुने देखिपछि वैदेशिक रोजगार व्यवसायी आफ्ना क्षेत्रका प्रहरी चौकी सरसफाइ गरी न्यूनतम सुविधा उपलब्ध गराउन जुटेका हुन्। कतिपयले म्यानपावर कम्पनीमाथि पनि कारबाही हुनुपर्ने खालका पूर्वाग्रही विचार र टिप्पणी सामाजिक सञ्जालमा पोस्ट गर्न थालेपछि वैदेशिक रोजगार व्यवसायीले सुरक्षाको मुद्दामा बढी संवेदनशील देखिएको बताएका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले हालको संवेदनशील अवस्थालाई मध्यनजर गर्दै उपत्यकाका क्षेत्रमा कार्यालय सञ्चालन गरिरहेका व्यवसायीहरूको हित र संरक्षणको उद्देश्य राखेर सोही स्थानका व्यवसायीहरू समेटेर ९ सदस्यीय समन्वय टिम गठन गरेको छ। संघका महासचिव महेशकुमार बस्नेतका अनुसार बालाजुदेखि माछापोखरी, गोंगबु, सामाखुसी, टोखा हुँदै बसुन्धारा चौकीसम्मका लागि संघका सल्लाहकार हरिबहादुर पाण्डे क्षेत्री, बसुन्धारा चौकीदेखि धापासी हुँदै महाराजगञ्जसम्म तथा बालुवाटार र लाजिम्पाटसमेतका लागि राजकाजी भोलान, महाराजगञ्जदेखि धुम्बाराही, सुकेधारा हुँदै चाबहिलसम्मका लागि कृष्ण ढकाल, चाबहिलदेखि गौरीघाट, रातोपुल, कालोपुल, सिफल, गौशला पिंगलास्थान हुँदै सिनामंगल चोकसम्म शिवकुमार कार्की संयोजक रहेको समन्वय टिम गठन गरिएको छ।

त्यसैगरी सिनामंगल चोकदेखि गैह्रीगाउँ, तीनकुने, महादेवस्थान हुँदै कोटेश्वर, बालकुमारीसम्म पंकज कोइराला, गौशलादेखि बत्तीसपुतली पुरानो/मध्य/नयाँ बानेश्वर, शान्तिनगर हुँदै शंखमुल, बुद्धनगरसम्म दिनेश बस्नेत, बालकुमारीदेखि सातदोबाटो, जावलाखेल हुँदै पुलचोक, त्रिपुरेश्वरसम्म बासु पुडासैनी, कलंकीदेखि सितापाइला, स्वयम्भु हुँदै बालाजुसम्मका लागि शालिकराम अधिकारीलाई संयोजक तोकिएको छ। सातदोबाटोदेखि सानेपा, बल्खु, ताहचल हुँदै कलंकीसम्मका लागि भने संयोजक तोकिएको छैन।

संघले उल्लेखित क्षेत्रहरुमा कार्यालय रहेका, बसोबास रहेका व्यवसायीहरूलाई आ-आफ्नो क्षेत्रको संयोजकलाई समन्वयका लागि सम्पर्क गर्न आग्रह गरेको छ।

**फ्युचर...**

खाट र एक दर्जनभन्दा बढी प्लाई हस्तान्तरण गरेको छ।

फ्युचर इम्प्लोइमेन्ट प्रा.लि.की सञ्चालक शुष्मा खत्रीका तर्फबाट प्रतिनिधि विष्णुमणि केसी र जेन्जी प्रतिनिधि नसिव केसीले आइतबार जलेर भग्नावशेष बनेको उक्त प्रहरी वृत्त पुगेर राहत हस्तान्तरण गरेका थिए।

सञ्चालक खत्रीले कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सामग्री हस्तान्तरण गरिएको बताइन्। जेन्जी प्रतिनिधि नसिव केसीले शान्ति सुरक्षाका लागि प्रहरी आवश्यक भौतिक पूर्वाधारको अवस्थामा रहनुपर्ने, तर भदौ २४ गतेको आगलागीबाट प्रहरी वृत्त दरबारमार्गको कार्यालय र ब्यारेकमा ठुलो क्षति भई प्रहरीलाई सुत्नसमेत समस्या देखिएकाले सोही अनुसारको राहत सामग्री उपलब्ध गराइएको बताए।

फ्युचर इम्प्लोइमेन्टले कोरोना महामारी, बाढी पहिरो प्रकोपलगायतका बेला विभिन्न उद्धार तथा राहत सहयोग उपलब्ध गराउँदै आएको छ।

**तीन...**

आइतबार स्काई पार्टी प्यालेसमा समितिमा आबद्ध वैदेशिक रोजगार व्यवसायीहरूको भेलामा महाराजगन्ज, बसुन्धरा र बसपार्कमा रहेका प्रहरी चौकीलाई सहयोग गर्ने सहमति भएको हो।

समितिले न्यूनतम ३० हजार रुपैयाँ तोकेर सहयोग जुटाउन आग्रह गरेको छ। समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले प्रहरी सामान्य सुविधाबाट बञ्चित भएको अवस्थामा अवाञ्छित तत्वबाट व्यवसायी सुरक्षित हुन नसक्ने भन्दै खुला हृदयले सहयोग गर्न आग्रह गरे। केही व्यक्ति वा समूहले पीडितको नाममा बलजफ्ती गर्ने प्रवृत्तिबाट सुरक्षा प्रदान गर्न स्थानीय प्रहरीको प्रभावकारी उपस्थिति हुनु जरुरी रहेको बताए।

समितिका उपाध्यक्ष तारानाथ अर्यालले आइतबार सहयोगका लागि व्यवसायीबाट केही रकम जुटेको र सोमबार बिहान पनि बैठक राखेर रकम संकलन गरी प्रहरी कार्यालयलाई हस्तान्तरण गरिने बताए। छलफलमा समितिका उपाध्यक्ष हरिश कुँवर, सल्लाहकार पदमराज पौडेल, नरेन्द्रप्रसाद ढकाललगायत सो क्षेत्रमा कार्यालय रहेका वैदेशिक रोजगार व्यवसायीहरूको उपस्थिति रहेको थियो। छलफलमा जेन्जी पुस्ताले समाजका प्रत्येक क्षेत्रमा न्याय र रूपान्तरणको माग गरेकाले व्यवसायीहरूले पनि तत्काल आफ्ना कमीकमजोरी सुधार गरेर व्यवसाय सञ्चालन गर्न एकआपसलाई सुझाव दिएका थिए।

सो क्रममा अध्यक्ष पाण्डेले बिना डिमाण्ड युरोपेली मुलुकको नाममा लामो समय राहदानी राख्ने, कोरियाको ई-७ भिसाका नाममा सर्वसाधारणबाट रकम उठाउने जस्ता कमजोरी देखिएको भन्दै तत्काले त्यस्ता प्रवृत्ति नत्यागे सहयोग र सुरक्षा प्रदान गर्न नसकिने चेतावनी दिए।

**UAE मा रोजगार**
कम्पनी: DISTRICT THIRTEEN CONTRACTING AND GENERAL TRANSPORT - SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२९ चलानी नं.: ६०२४४८०६ LT. No.: 331068

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Helper | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

इजाजत नं.: १५६२/०७८/०७९
Login International Overseas Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Ph.: 01-5911074/75, 9708158351, 9840055357

अन्तरिम सरकारसँग नागरिकको माग

# कालोधन र भ्रष्टाचार छानबिन गरी राष्ट्रियकरण होस्



**काठमाडौं/मस–** भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारसँग सर्वसाधारणले सुशासन, भ्रष्टाचार अन्त्य र निर्वाचनको अपेक्षा गरेका छन् । प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको अन्तरिम सरकारसँग नागरिकले विशेष गरी भ्रष्टाचार छानविन र कालोधनलाई राष्ट्रियकरण गर्नुपर्ने माग राखेका छन् ।

२०४६ सालपछि भएका सम्पूर्ण भ्रष्टाचार छानविन गर्न न्यायिक आयोग गठन हुनुपर्नेमा सर्वसाधारणले जोड दिएका छन् । उनीहरुले भ्रष्टाचारबाट संचित सम्पत्ति पहिचान गरी राष्ट्रियकरण गर्नुपर्ने बताएका छन् ।

बागबजारका नविन थापाले जेन-जी आन्दोलनले उठाएको मुख्य मुद्दा नै भ्रष्टाचार भएकोले सरकारले त्यसलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने बताए । उनले आन्दोलनका क्रममा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा ठूलो क्षति भएको उल्लेख गर्दै क्षति पुऱ्याउनेलाई कारबाही गर्नुपर्नेमा पनि जोड दिए ।

थापाले भने,'निर्वाचन बाहेक जेनजीले उठाएको मुख्य मुद्दा भ्रष्टाचार हो । देशका कालोधन कहाँ छुपेका छन् भन्ने कुरा देखिनुपर्छ । अहिले किन आर्थिक तरलता छ, त्यसलाई ध्यान दिनुपर्छ । आन्दोलनमा सरकारी भवन भत्काइएका छन्, नेताको घर भत्काइएको छ, तर व्यक्तिगत सम्पत्ति र सरकारी सम्पत्तिमा भएको क्षतिको पनि छानविन गर्नुपर्छ । यो काम जेनजीले गऱ्यो कि अन्य तत्वले गऱ्यो, प्रस्टसँग छानविन गरी कारबाही गर्नुपर्छ ।'

अनिम अमात्यले पनि थापाको धारणा समर्थन गर्दै कालोधन खोजी गरी राष्ट्रियकरण गर्नुपर्ने बताए । उनले भने, 'कालोधन र करप्सन जतिपनि छ, त्यसलाई खोजी नीति अपनाएर भेटिएको सम्पूर्णलाई राष्ट्रियकरण गर्नुपर्छ ।'

यस्तै, पर्वत घर भई हाल कीर्तिपुर बस्ने नारायण सुवेदीले भने आगामी पाँच महिनाभित्र निर्वाचन हुने सम्भावनाप्रति शंका व्यक्त गरे । उनले देशमा संक्रमणकालीन अवस्था सिर्जना भएकाले फागुन २१ गतेसम्म निर्वाचन गर्न कठिन हुने बताए ।

सुवेदीले भने, 'यो ६ महिनामै निर्वाचन हुन्छ भन्ने लाग्दैन । अहिले राज्यमा संक्रमणकालीन अवस्था छ । यसलाई मूर्तरुप लिन समय लाग्छ । राजनीतिक दलहरुलाई मिलाउनुपर्ने अवस्था छ । अन्तरिम सरकारलाई दिएको समय पर्याप्त छैन। राज्य अव्यवस्थित भएकाले तत्काल निर्वाचन सम्भव छैन ।'

संगिता सिलवालले आन्दोलनमा मृत्यु र घाइते भएकाहरुलाई न्याय दिनुपर्नेमा जोड दिइन् । उनले २०४६ सालदेखि भ्रष्टाचार गरेका नेताहरुलाई कारबाही गर्न न्यायिक आयोग गठन गर्नुपर्ने बताइन् ।

# अर्घाखाँचीमा कार्यालय र विद्यालय सुचारु कारागार क्षेत्रमा निषेधाज्ञा कायमै

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ भदौ



जेन-जेड समूहको आन्दोलनका कारण अस्तव्यस्त बनेको अर्घाखाँची जिल्लाको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ । गत भदौ २३ र २४ गतेको घटनापछि ठप्पजस्तै बनेको सरकारी सेवा र विद्यालयको पठनपाठन आइतबारदेखि सुचारु भएको हो । प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद अर्यालका अनुसार आन्दोलनका कारण प्रभावित सरकारी कार्यालयहरूले नियमित सेवा प्रवाह फेरि सुरु गरेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी झबिलाल भट्टराईले समेत आइतबारदेखि जिल्लाका सबै सरकारी कार्यालय खुलेर सेवा प्रवाह भइरहेको जानकारी दिए । आन्दोलनका क्रममा सन्धिखर्क-२ वडाको कार्यालयमा आगजनी भए पनि अन्य कार्यालयमा ठूलो क्षति नभएको उनले बताए ।

यस्तै, बन्द रहेका सरकारी तथा निजी विद्यालय पनि सञ्चालनमा आएका छन् । जिल्लाका छवटै स्थानीय तहमा पठनपाठन सुरु भएको शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए । विद्यालयमा सरसफाई कार्य सम्पन्न गरी कक्षाकोठा सञ्चालनमा ल्याइएको र खानेपानीको ट्यांकीमा क्लोरिन प्रयोग गर्न समेत निर्देशन दिइएको उनले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयले शनिबारदेखि अधिकांश क्षेत्रमा निषेधाज्ञा हटाए पनि कारागार क्षेत्रमा भने रातको समयमा निषेधाज्ञा कायम राखिएको छ । उता, बजार क्षेत्रमा पनि सामान्य चहलपहल बढ्दै गएको उद्योग वाणिज्य संघ अर्घाखाँचीका अध्यक्ष प्रदीप मिश्रले बताए ।

आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट ध्वस्त भएका दलका कार्यालयमध्ये नेपाली कांग्रेस र नेकपा एमालेले आफ्नो पार्टी कार्यालय सञ्चालनमा ल्याएका छन् । कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठका अनुसार पार्टी कार्यालय सफा गरी आवश्यक सेवा सुरु गरिएको छ । एमाले अर्घाखाँचीका अध्यक्ष पिताम्बर भुसालले आगजनीमा कार्यालयका कागजात, ल्यापटप, कम्प्युटर, दराज, कुर्सी, टेबल सबै जलेर नष्ट भएको जानकारी दिए ।

सन्धिखर्कमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको घरमा समेत आन्दोलनकारीले तोडफोडपछि आगजनी गरेका थिए । अढाई तले घरभित्रका सबै सामान जलेर नष्ट भएको मुख्यमन्त्रीका भाइ खुवीराम आचार्यले बताए । दलका कार्यालय र सरकारी कार्यालयमा भएको तोडफोड तथा आगजनीमा संलग्न व्यक्तिहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# तरकारी बोकेको ट्रकबाट गाँजा बरामद



**तेज बन/मध्यान्ह**
सुनसरी, २९ भदौ

सुनसरीको इटहरी उपमहानगरपालिका-५ स्यार्सेकाली पेट्रोल पम्पनजिकै तरकारी बोकेको ट्रकबाट ५ हजार किलो गाँजा बरामद गरिएको छ । जेन-जेड आन्दोलनबाट उत्पन्न विषम परिस्थितिको फाइदा उठाउँदै रातको समयमा अवैध गाँजा भारततर्फ लैजाने गरेको अवस्थामा इटहरीबाट बरामद गरिएको हो ।

शनिबार राति करिब साढे ९ बजे सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी पकलीबाट खटिएको प्रहरी टोलीले उक्त गाँजा बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी पकलीका प्रहरी प्रमुख डीआइजी कुमार न्यौपानेका अनुसार रातको गस्ती क्रममा स्यार्सेकाली पेट्रोल पम्प अगाडि रोकिएका चारवटा ट्रकमध्ये ना ४ ख २७११ नम्बरको ठूलो ट्रक र बा ५ ख १९६९ नम्बरको मिनी ट्रकबाट गाँजा फेला पारिएको हो ।

उक्त ठूलो ट्रकबाट १३४ बोरा र मिनी ट्रकबाट २४ बोरा गरी ५ हजार किलो गाँजा बरामद भएको न्यौपानेले बताए । बाँकी दुई ट्रकमा भने पहाडी भेगबाट ढुवानी गरिएका तरकारी मात्र भेटिएको र ती तरकारी कुहिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

बरामद गरिएको ट्रकका चालक र अन्य कर्मचारी भने फरार रहेको प्रहरीले जानकारी दिएको छ । तरकारीसँगै अवैध गाँजा लोड गरेर भारततर्फ लैजान खोजिएको सो ट्रक जेन-जेड आन्दोलनका बेला त्यहीँ छाडेर चालक फरार भएको हुन सक्ने प्रहरीको अनुमान छ । बरामद गरिएको गाँजा र ट्रक आइतबार जिल्ला प्रहरी कार्यालय सुनसरीमा बुझाइएको सशस्त्र प्रहरी बल कोशी प्रदेशका डीआइजी न्यौपानेले जानकारी दिए ।

# वडा कार्यालयमा चोरी



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २९ भदौ

सिरहाको भगवानपुर गाउँपालिकाका वडा नं. ३ को कार्यालयमा चोरी भएको छ ।

चोरले कार्यलयको ताला फुटाएर एक थान कम्प्युटर, एक थान प्रिन्टर, फोटोकपी, इन्भर्टर, ब्याट्री दुई वटा, मोटर दुई वटा र कागजपत्र शनिबार राति चोरी गरेर लगेको वडाध्यक्ष विनोद कुमार यादवले बताए । चोरले वडाध्यक्ष र सचिवको कार्यकक्षमा राखिएको महत्वपूर्ण कागजात तथा करिब ३ लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको सरसमान चोरेको उनले जानकारी दिए । चोरी गर्ने गिरोहको खोजी भइरहेको इलाका प्रहरी कार्यालय ठाडीका इन्चार्ज कर्ण कार्कीले जानकारी दिए ।

**काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८२/५/३०**

जिल्ला डोटी, जोरायल-३, मा यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहमा घाटगद्दी गरी राखिएको सल्लो थान २८६ को ३०७१.६० क्युफिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र खरिद गरी ८ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री असिउँ सा.व.उ.स. जोरायल-३, डोटी**

**यूएईमा रोजगार**

कम्पनी : JAWAID MIRZA TECHNICAL SERVICES CO. L.L.C — शहर :UAE
पूर्व स्वीकृत मितिः २०८२/०९/२९ — चलानी नं.: ६०२४४७९४ — LT. No.: 331046

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 3. | Painter | 4 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 4. | Stone Mason | 5 | 0 | | 1500 | ५७,५७० | | | | | | | |

कम्पनी : RUKN ALJAMAL BUILDING CLEANING L.L.C — शहर :UAE
पूर्व स्वीकृत मितिः २०८२/०९/२९ — चलानी नं.: ६०२४४७९५ — LT. No.: 331047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 7 | 0 | | 1200 | ४६,०५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Glocal Workforce Nepal Pvt.Ltd.
GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Contact No: 5925410, 5925411, Kathmandu, Nepal. Lic No.: 1722/081/082

**यूएईमा रोजगार**

कम्पनी: SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C — शहर: DHABAI
पूर्व स्वीकृत मितिः २०८२/०१/२२ — चलानी नं.: ६०२२८५४२ — L.T. No.:314167 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 25 | स. काममा दक्ष | 2000 | ७६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 367/059/060
SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 5908135, 9841985312, 9851063268, 9801907630
Email ID: info@suneranepal.com.np, Website: www.suneranepal.com

**यूएईमा रोजगार**

कम्पनी: SPECIALIZED SAIL GULF ENGINEERING COMPANY L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०५/२२ — चलानी नं.: ६०२४४६५२ — L.T. No.: 330839

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 8 | 0 | स. काममा दक्ष | 1100 | ४२,२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**युएईमा रोजगार**

कम्पनी: KUNKUMASELVI TECHNICAL SERVICES L.L.C S.O.C — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति : २०८२/०५/२९ — चलानी नं. : ६०२४४८०१ — LT. No.: 331041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioned Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painter Assistant | 3 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 4. | Painter | 2 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 5. | Plumber | 3 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 6. | Steel Fixture | 2 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 7. | Stone Mason | 3 | 0 | | 1500 | ५७,५७० | | | | | | | |
| 8. | Wood Treater | 3 | 0 | | 1500 | ५७,५७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Grand Pearl International Pvt.Ltd. Govt. Lic. No. 1555/079/080
Basundhara 3, Kathmandu, Nepal Mob.: 9810092580, 9851043031, 9865112214, 9801045660, 9860475399
Email:grandpearl555@gmail.com Butwal Branch: 071530630, 9867893930, website:grandpearlintl.com

**कुवेतमा रोजगार**

कम्पनी: SD SCRUBS ATELIEH FOR WOMEN'S CLOTHING AND FABRICS — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/२९ — चलानी नं.: ६०२४४७८५ — L.T. No.: 331034

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Ladies | 0 | 2 | स. काममा दक्ष | 135 | ६२,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४९८८३८०, ४९८२५३३, ९८१८१२३०३०, फ्याक्सः ४९८८३८१
श्रम इजाजत नं. ८४५/०६६/०६७

**मलेसियामा रोजगार**

कम्पनी: MARIAPPAN R SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०५/२९ — चलानी नं.: ६०२४४८०० — L.T. No.:331100

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Chicken Farmer | 21 | 0 | स. काममा दक्ष | 1700 | ५६,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.
कुलेश्वर, काठमाडौं, फोन: ०१-५३७२०८०, ५३०१३५९, Email : awsnepal@gmail.com

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति १९९०/१०/१२ — **स्व. बमबहादुर कटुवाल** — स्वर्गारोहण २०८२/०५/१८

हाम्रा शुभेच्छुक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष, लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तथा **ब्लु स्काई इन्टरनेशनल प्रा.लि.**का सञ्चालक श्री प्रेमबहादुर कटुवालज्यूका पुजनीय पिता

**बमबहादुर कटुवाल**को

असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** प्रकाशक — तथा — **मदनकुमार श्रेष्ठ** सम्पादक

मध्यान्ह परिवार
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

न जायते म्रियते वा कदाचि– न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो– न हन्यते हन्यमाने शरीरे ।।

**अश्रुपूर्ण श्रद्धाञ्जली**



**जन्म**
वि.सं. १९९०/१०/१२
पाँचकन्या- ७, सुनसरी

**स्वर्गारोहण**
वि.सं. २०८२/०५/१८
धरान उ.म.न.पा. - १३, सुनसरी

**स्व. बमबहादुर कटुवाल**

हाम्रा श्रद्धेय तथा सदा प्रेरणादायी, कुलका पुञ्ज, धार्मिक तथा सामाजिक द्रष्टा, परिवारका अटल खम्बा, चिरस्मरणीय पति/पिता **बम बहादुर कटुवाल**ज्यूको ९२ वर्षको उमेरमा भएको असामयिक र अकल्पनीय स्वर्गारोहणबाट हामी भावविह्वल र शून्यतासरी भएका छौं । दु:खको यस घडीमा स्वर्गीय अमर आत्माको चिरशान्ति तथा गोलोकवासका लागि भगवानसँग प्रार्थना गर्दछौं । पीडाको यस घडीमा हामीलाई विभिन्न माध्यमबाट सान्त्वना र समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नरनाता, आफन्तजन, इष्टमित्र र शुभेच्छुक व्यक्ति, संघ, संस्था तथा निकायप्रति **हार्दिक कृतज्ञता** व्यक्त गर्दछौं ।

**धर्मपत्नी:- टंकमाया कटुवाल**
**छोरा/बुहारीहरू:- जीत बहादुर कटुवाल / टंकमाया कटुवाल**
**प्रेम बहादुर कटुवाल / विजया कटुवाल**
**नाति, नातिनीहरू:- खगेन्द्र, केशव, कर्ण बहादुर, रिवाज, रौनक र मिलिशा कटुवाल तथा समस्त कटुवाल परिवार**
**धरान-१३, सुनसरी**

## सम्पादकीय

# प्रधानमन्त्रीको प्रतिबद्धता पूरा होस्

अकल्पनीय संकट आइपरेकै बेला मुलुकले इतिहासमै पहिलोपटक महिला प्रधानमन्त्री पाएको छ । पहिलो प्रधानन्यायाधीशको समेत इतिहास बनाएकी सुशीला कार्की अवकाशपछि भ्रष्टाचार र बेथितिबिरुद्ध 'जेनजी' शैलीमै टीकाटिप्पणी गरिरहन्थिन् । त्यही भाषा र हकी स्वभावलाई विश्वास गरेरै हुनुपर्छ, मुलुक झन्डै शून्यतामा पुगेका बेला आन्दोलनकारी शक्तिको सिफारिसमा उनी अन्तरिम सरकारको प्रधानमन्त्री बनिन् । आइतबार सिंहदरबारमा पदभार ग्रहण गर्दै प्रधानमन्त्री कार्कीले केही गम्भीर सवालसँगै अन्तरिम सरकारको प्रतिबद्धता जनाएकी छन् ।

२३ भदौमा आन्दोलनकारीमाथि बर्बर दमन भएपछि २४ भदौमा हिंसा भड्काएर राष्ट्रिय सम्पत्ति तोडफोड गरिएको घटनालाई प्रधानमन्त्री कार्कीले षडयन्त्रका रूपमा अर्थ्याएकी छन् । योजनाबद्ध षडयन्त्रजस्तो देखिएकाले ती घटनाबारे अनुसन्धान हुने र दोषीमाथि कारबाही हुने उनको प्रतिबद्धता छ । सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्बोच्च अदालतजस्ता राष्ट्रिय सम्पत्तिमाथि गरिएको योजनाबद्ध आगजनी र तोडफोडबारे पछिल्लो समय सामाजिक सञ्जालमा तस्बिर र भिडियो छताछुल्ल छन् । त्यसमा आन्दोलनरत जेनजी समूहभन्दा रास्वपा, राप्रपा, दुर्गा प्रसाई समूह र माओवादी केन्द्रका कतिपय कार्यकर्ताको संलग्नता प्रस्टै देखिन्छ । सत्ताबाट बाहिरिएका दल र नेताहरूले भनेझैं अन्तरिम सरकारका प्रधानमन्त्रीले समेत घटनामा योजनाबद्ध षडयन्त्र देख्नुले राजनीतिक लाभ हानिसँगै राष्ट्रिय/अन्तर्राष्ट्रिय चलखेलको आशंकासमेत उब्जाएको छ ।

लोकतान्त्रिक व्यवस्थामा सरकारको पक्ष वा विपक्षमा उभिने, राजनीतिक विचार तथा अभिव्यक्तिको स्वतन्त्रता स्वाभाविक हो । जेनजी समूहहरूले शान्तिपूर्ण रूपमा सुरु गरेको आन्दोलनलाई वैकल्पिक राजनीतिक शक्तिहरूले मात्र होइन, नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रजस्ता ठुलो जनमत बोकेका पुराना दलले समेत सकारात्मक रूपमा लिएकै थिए । तर आन्दोलन भड्काएर लाभ लिने अदृश्य शक्तिले चलखेल गर्‍यो । फलस्वरूप निषेधित क्षेत्र तोडेर स्कुल–कलेजका विद्यार्थीलाई संसद् भवन तोडफोड गर्न लगियो । त्यो नै दुर्भाग्य बनिदियो । राज्यले गरेको अनियन्त्रित र बर्बर दमनबाट ठुलो मानवीय क्षति बेहोर्नुपर्‍यो । २४ भदौको आगजनी, लुटपाट र हिंसा त्यसैको परिणाम हो ।

प्रधानमन्त्री कार्कीले निजी क्षेत्रको प्रशंसासमेत गरेकी छन् । खासगरी राज्यसँगको असन्तुष्टि पोखिने क्रममा केही ठुला व्यावसायिक प्रतिष्ठानमा योजनाबद्ध लुटपाट र आगजनी भएको देखिन्छ । तर व्यवसायीहरूले गरिरहेको फेरि उठ्ने संकल्पको प्रशंसा गर्दै प्रधानमन्त्रीले सरकारले निजी क्षेत्रलाई यथासक्य सहयोग गर्ने प्रतिबद्धतासमेत जनाएकी छन् । विगतका यस्ता आन्दोलन वा क्षतिमा दण्डहीनताको स्थिति रह्यो । तर यसपटक प्रधानमन्त्री स्वयंले २३ भदौको दमन र २४ भदौको विध्वंशको छानबिन गरी दोषीमाथि कारबाही गर्ने प्रतिबद्धतासँगै निजी क्षेत्रलाई फेरि उठ्न सरकारको साथ रहने प्रतिबद्धता जनाएकी छन् । प्रधानमन्त्रीले गरेका यी दुई प्रतिबद्धताकै कसीमा अन्तरिम सरकारको सफलता/असफलता मापन हुनेछ ।

# जेनजी आन्दोलन र परिवर्तनको मार्ग

*विश्व इतिहासलाई हेर्दा, आन्दोलनपछि सम्झौता वा परिवर्तन दुई स्वरूप देखिएको पाइन्छ । सम्झौता भएका ठाउँमा ढिलो चाँडो कि परिवर्तनै हुँदैन कि परिवर्तन कछुवा गतिमा भएको हुन्छ ।*

अग्रलेख



● डा. उद्धव पुरी

नेपालमा पूर्ववत् आन्दोलनहरू झैं २०८२ साल भदौ २७ गते रातमा एउटा सम्झौता भयो । जसले जेनजीले चलाएको भ्रष्ट शासकविरुद्धको सफल आन्दोलनलाई विश्राम दिलायो । तर यो परिवर्तन होइन, सम्झौता हो । यसले जेनजीले सोचेझैं वा हामी नेपालीले चाहे झैं परिवर्तन दिन्छ भनी अहिलै विश्वासगरी मान्न सकिँदैन । किनभने यथास्थितिमा व्यक्ति परिवर्तन भएका छन् । व्यवस्था र प्रणाली भत्किएको छैन । विगत यस्तै हो । केवल विगतभन्दा फरक यो आन्दोलन गर्ने माटोको टीका लगाउने नेपाली छन् र देशको हालतमा आफ्नो भविष्य देख्ने आफन्तको स्वार्थ नदेख्ने मृत्युवरणमा होमिएका युवा पुस्ता छन् । यो आन्दोलन कुनै वादको खोल नओढी र कोही कोठामा लुकेर निर्देशन नगरी चलेको देखिन्छ । उनीहरूसँग कुनै वादको बिल्ला छैन । जन्मले नेपाली हुन् कतिले नागरिकता पनि बनाएका छैनन् होला ।

हामीले विगतमा पटकपटक धोका खायौं । उनीहरू धोका खान चाहँदैनन्, बदला कस्तो हुन्छ करिब ३६ घण्टाभित्रमा देखाइदिए । भन्न त केहीले यसलाई अमेरिकी मोडल पनि भन्छन् । प्रमाणित भएपछि मानौंला । नेपालीको विश्वास टुट्न हुँदैन । सुशीला कार्कीप्रतिको विश्वासको समर्पण स्वरूप एक भाइले नेपाल आमाको माटोमा टेकिएको उनको खुट्टामा सम्पूर्ण जेनजीको शिरको भारी बिसाएका छन्, उनी रोए अनि सुशीला, आमा बनी भक्कानिइन् । यो शीतल निवासभित्रको दृश्य विगतझैं कतै कोठामा भएको सहमति र सम्झौतापछिको नाटक मञ्चन होइन । सबै नेपालीले बुझेको र देखेको एउटै यथार्थता हो । त्यसैले विगत र वर्तमान आफैंमा फरक छ । नेतृत्व गर्नेले विगतमा झैं धर्म र कर्म नबिर्से यो सम्झौता परिवर्तन मार्गमा जान सक्छ र नजाँदा तत्काल ३६ घण्टामा गरिएको भन्दा नराम्रो हाल हुन सक्छ भन्ने अनुमान गर्नेपर्छ । त्यसैले अब नेपालमा नेपालीले नै आफ्नो माटो चुम्न पाउनुपर्छ । जुन १५ सेप्टेम्बर २००१ मा जर्मनीको लाउजिट्जरिङमा कार्ट दौडको क्रममा, पूर्व फर्मुला वान चालक एलेक्स जानार्डीले गम्भीर दुर्घटना भोगे, जसको परिणामस्वरूप उनले आफ्ना दुवै खुट्टा गुमाएका थिए । जन्म, बाँच्न र मृत्यु भोग्न पाउनुपर्छ । पृथ्वीनारायण शाह, जंगबहादुर र महेन्द्रले झैं अब कोहीले बनेर देखाउने अवसर आएको छ । जसले परिवर्तन र जनविश्वासलाई आधुनिक प्रजातन्त्र अनुरूप बनाउन सकोस् । उ देशका लागि महान् हुन्छ ।

विश्व इतिहासलाई हेर्दा, आन्दोलन पछि सम्झौता वा परिवर्तन दुई स्वरूप देखिएको पाइन्छ । सम्झौता भएका ठाउँमा ढिलो चाँडो कि परिवर्तनै हुँदैन वा कि परिवर्तन कछुवा गतिमा भएको हुन्छ । जहाँ परिवर्तन हुन्छ, त्यहाँ केही समय अन्योल भए पनि परिवर्तनले तीव्रता पाउँछ । चाहे सम्झौता होस् वा परिवर्तन कसैको बुइँ चढेर भएको छ भने त्यहाँ अवसरवादी, अघोषित र कथित प्रजातान्त्रिक तानाशाही हुन्छन् । हाम्रो विगत यही पछिल्लो कोटीमा देखिन्छ । नेपालीले गरेको पहिलो ठुलो आन्दोलन भनेको २००७ सालको क्रान्ति हो । जुन समय राणासँग बदलाको मनसाय राख्नेहरूको नेतृत्व ज्यादा भएको र भारतीय पृष्ठपोषक सम्झौता भएकाले परिवर्तनका लागि सम्भव भएन । आत्म साक्षी राखेर भन्नुपर्छ राजा महेन्द्र नभएको भए नेपाल नाम आजसम्म हुन्थ्यो कि हुँदैन थियो, पूर्वाग्रही नभई इतिहासलाई पढे पुग्छ । त्यसैगरी, २०३६ र २०४६ सालका आन्दोलन जनसहभागितामा भएका थिए । तर पनि अन्तिम अवस्थामा त्यही सरकार र त्यही संविधानमा रहेर सम्झौता गरेर मार्ग खोजियो । सत्तामा केही नयाँ व्यक्ति जोडिए । छिट्टै परिवर्तनको मार्ग मोडियो । २०६२/६३ को आन्दोलन धेरै प्रकारका तत्व र चाहनाको मिश्रणको उपज बन्न पुग्यो । जनताले नसोचेको परिवर्तन गराइए । धेरै परिवर्तन सबैका लागि अनुकूल भएनन् । त्यसपछि दलहरूको दलीय सिद्धान्त, कार्य र व्यवहार व्यक्तिवादी भए । देश भविष्य विहीन रूपमा अगाडि बढेको झैं देखिँदै गयो । सरकार परिवर्तन भए देश विकासको मार्गमा लम्कनै सकेन । जसको मूल कारण संविधान हो भन्नेहरू बढ्दै छन् ।

नेता सत्तामा हुँदा र नहुँदाका व्यक्त विचार विश्वास योग्य भएनन् । बिचौलिया र गुण्डागर्दीको हौसला सरकारका तिनै अंगमा पुगेको जस्तो भयो । जनभावना र जनचाहना लत्तिँदै गयो । सरकार गठबन्धनमा तीन/चार जनाको औंलामा परिचालित हुन थाल्यो । तिनै दलहरूका अधिकांश युवा पुस्ता पनि मन्दिरका पुजारीजस्ता भए । कुनै पनि क्षेत्रमा विज्ञको जरुरत भएन, पद र पैसामा विज्ञताको बदनाम बढ्दै गयो । अनुभव र अध्ययनले खारिएको चाहिने पदमा पनि जीवनभर एउटा पनि विषयगत पुस्तक नपढेकाहरूको मनगढन्ते हालीमुहाली भयो । राजा बोक्नेदेखि सहकारी ठोक्नेसम्म र स्वदेश बिर्सेका विदेशीसम्म उचालिन थाले । केहीले सुधारिने मौका नि पाएका



थिए तर सत्तामा पुग्दा उनीहरूको काम गौण रूपमा हेर्दा, देशको लागि अहितमा नै देखियो । सत्ता परिवर्तन जनचासोको विषय बन्न छोडिसकेको थियो । आन्दोलन आवश्यक थियो । नेतृत्व सही र परिमार्जित देखिएन । यो अलमलको स्थितिमा देशको भविष्य मानिने र उनीहरूकै लागि चाहिने युवा पुस्ता जेनजीका नाममा आए ।

आन्दोलनको पहिलो दिनको रातीदेखि भोलिपल्टको तोडफोड, आगजनी र जेल तोड्नेदेखि सरकारी सम्पत्तिको हानी नोक्सानी हेर्दा जेनजी पुस्ताले कति विषयमा आफूहरूको योजना र कार्यक्रम नभएको स्वीकारेका छन् । घुसपैठ र दलीय प्रदेशको विरोध लखेटाइले यसलाई प्रमाणित गरेको देखिन्छ । अचम्मको कुरा दुई दिन सरकार नबन्दा दलका नेता र कार्यकर्ताहरू सत्ता मोहमा निस्किए । आफ्नो र राज्यको नोक्सानमा कुनै मन कुँडिएको महसुस हुँदैन । उनीहरूले चाहेजस्तै वा केही दिनपछि आफैंले सत्ता सम्हाल्ने दाउ वा मनसाय राखेअनुसार त हुन सकेन । तर पनि आंशिक रूपमा उनीहरू पनि हारेछन् भन्न मिल्दैन । राष्ट्रपतिले राजीनामा नदिएकाले र त्यही संविधानमा रहेर त्यही व्यवस्थाअनुरूप नयाँ प्रधानमन्त्री सुशीला कार्की बन्नु भएको छ । उमेर, न्याय क्षेत्रमा न्याय क्षेत्रकै मानिसहरूको विश्लेषणमा पूर्ण स्वच्छ नभएको, भारत निकट आरोप र परिवार वा उनका श्रीमान् कांग्रेसनिकट भएकोले जेनजी पुस्ताको मनोभावनामा केही निराशाजनक अवस्था आउन सक्ने आँकलन पनि भएकै छ ।

तर विगतलाई छोडेर हेर्दा, अदालतबाट बाहिर आएपछिको निडर र देश प्रेमको आवाज र शीतल निवासमा संसद विगठनको अडान र परिवर्तनको नेतृत्वका लागि जुरमुराएको देख्दा उहाँमाथि धेरैको विश्वास देखिन्छ । यति भन्ने ठाउँ विगतमा नेताहरूले देखाएको विश्वास घातले नै हो । यहाँ एउटा कथा जोड्न सकिन्छ । भगवान् मानिएका कृष्णको श्रीमती रूक्मणी हुन्, राधा श्रीमती होनन् । उनी कृष्णलाई माया गर्ने मायालु हुन् । कृष्ण बिरामी परेपछि कुनै ज्योतिषीको भनाइमा कृष्णलाई माया गर्ने महिलाको जुत्ताको पानी खान दिए मात्र उनको रोग निको हुने भनियो । कृष्णलाई बचाउन सबैले रूक्मणीलाई जुत्ताको पानी खुवाउनभन्दा उनले सात जुनीसम्म कृष्णको साथ चाहिन्छ भन्दै श्रीमानलाई जुत्ताको पानी खान दिएर पाप नगर्ने भनी मान्दै मानिन् । कृष्णलाई मर्न दिन भएन र राधालाई बोलाई सोही कुरा भन्दा राधाले मेरो प्रिय कृष्णलाई बचाउन आफू जस्तोसुकै पाप गर्न पनि तयार भएको बताइन् र जुत्ताको पनि खान दिइन् । उनलाई आफ्नो बारेमा कुनै चिन्ता भएन । त्यही निःस्वार्थ प्रेमको प्रतिफलले नै राधा कृष्ण बने । रूक्मणी कृष्ण बनेन । अहिले सुशीलामाथिको विश्वास स्वार्थको होइन देश प्रेम हो । उनले प्रमाणित गर्नुपर्छ ।

देशमा विकास र परिवर्तन देख्न चाहने जेनजी र अन्यका लागि नयाँ सरकार र प्रधानमन्त्री छनौट एउटा सफलता हुन सक्ला । तर यो व्यवस्था

> *संविधान उही छ । प्रतिनिधि सभा र संघीय सरकारको प्रधानमन्त्री र मन्त्री मात्र फेरिने छन् । प्रदेश र स्थानीय सरकार जस्ताको तस्तै छ । राष्ट्रपतिमा संविधान प्रदत्त विशेष अधिकार समेत रहेकै छ । यस्तो अवस्थामा अपेक्षाकृत परिवर्तनको सम्भावना कमजोर देखिन्छ ।*

परिवर्तनसँगै आएको होइन । संविधान उही छ । प्रतिनिधि सभा र संघीय सरकारको प्रधानमन्त्री र मन्त्री मात्र फेरिने छन् । प्रदेश र स्थानीय सरकार जस्ताको तस्तै छ । कुनै राजनीतिक दल र नेता प्रतिबन्धित छैनन् । राष्ट्रपतिमा संविधान प्रदत्त विशेष अधिकारसमेत रहेकै छन् । बाँकी दुई तहका स्थानीय सरकारमा धेरैजसो यिनै बा र हजुरबाहरूलाई मान्ने र उनीहरूद्वारा बनाइएका उनीहरू जस्तै : प्रवृत्तिका नेता कार्यकर्ता छन् । दल र केही नेता भन्नेहरूले संसदबाटै सरकार बनाउनु पर्नेदेखि सरकार सर्वदलीय हुनुपर्छ भन्ने माग उठाइसकेका छन् । कर्मचारीतन्त्रमा बहुमत उनीहरूसँगै मिली खानेहरू छन् । न्याय क्षेत्रमा पनि अनुभव र अध्ययनभन्दा दलीय भाग मा नियुक्ति भएका धेरै छन् भन्ने आरोप छँदै छ । विदेशी स्वार्थ नमिले भड्काऊ छिमेकी र विदेशी देशहरू पनि छन् । संविधानअनुरूप प्रतिनिधिसभा भंग, संकटकाल र निर्वाचन तिथि तोकिनु सकारात्मक पक्ष हो । एक प्रकारले काम चलाऊ सरकार र त्यसको काम संविधानले तोकेअनुरूप हुने र राष्ट्रपति त्यसको पहरेदार बन्दछन्, जो कांग्रेसको तर्फबाट छन् । त्यसैले नयाँ मन्त्रीमण्डले जेनजीको नेतृत्वदायी काम सोचेअनुरूप गर्न सक्दैन ।

धेरै विज्ञ र शुभचिन्तकहरूले देशमा सोचेजस्तो परिवर्तन ल्याउनका लागि शून्य महत्वपूर्ण मानिन्छ भन्ने ठान्दछन् । दलीय चिन्ता र निहित स्वार्थ नभएकाहरू संविधान नै निलम्बन गरी निर्वाचित सबै तहका सरकार विघटन गर्नुपर्ने, संविधान पुनर्लेखन गर्नुपर्ने, पेशागत व्यवसायमा दलीय संगठनको अन्त्य गर्नुपर्ने, राष्ट्रिय दोषीलाई तत्काल कारबाही र निरुत्साहित गर्दै निर्वाचनलाई अलि टाढा सार्नुपर्ने ठान्छन् । जसले यसपटकको आन्दोलनको मात्र हैन विगतदेखिको नेपालीको नेपाल बनोस् भन्ने सपनालाई सकारात्मक परिवर्तनको मार्गमा लान सक्ला भन्ने लाग्छ ।

## इतिहासमा आज

१५ सेप्टेम्बर १९७८ मा न्यु अर्लिन्सको सुपरडोममा, मुहम्मद अलीले लियोन स्पिंक्सलाई पुनः खेलमा पछाडि पार्दै तीनपटक विश्व हेभीवेट उपाधि जित्ने पहिलो बक्सर बनेका थिए ।



१५ सेप्टेम्बर १९८१ मा स्मिथसोनियन संस्थाले वासिंगटन, डिसीबाहिर आफ्नै शक्तिमा सञ्चालन गर्दा जोन बुल विश्वको सबैभन्दा पुरानो सञ्चालनयोग्य स्टिम रेल बनेको थियो ।



१५ सेप्टेम्बर १९९५ मा मलेसिया एयरलाइन्सको उडान २१३३ मलेसियाको तावाउ विमानस्थलमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ३४ जनाको मृत्यु भएको थियो ।



१५ सेप्टेम्बर २००१ मा जर्मनीको लाउजिट्जरिङमा कार्ट दौडको क्रममा, पूर्व फर्मुला वान चालक एलेक्स जानार्डीले गम्भीर दुर्घटना भोगे, जसको परिणामस्वरूप उनले आफ्ना दुवै खुट्टा गुमाएका थिए ।



# प्रधानमन्त्री कार्कीलाई खुला पत्र



● खिमराज गिरी

> *नेपालको आजको अवस्था सुधारका लागि ठोस कदमहरूको आवश्यकता छ । राजनीतिक दललाई आत्ममूल्यांकन गरेर जनतासँग मिलेर एक समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने अठोट गर्नुपर्छ । तत्कालका लागि जनतालाई राहत दिन र देशलाई स्थिरताको बाटोतर्फ लैजान प्रधानमन्त्रीको भूमिका महत्वपूर्ण हुनेछ ।*

सम्माननीय प्रधानमन्त्री ज्यू,

नमस्कार !

बधाई छ तपाईलाई, देशको यो विषम परिस्थितिमा अन्तरिम सरकारको प्रधानमन्त्रीको कार्यभार सम्हाल्ने मौका पाउनुभएकोमा । साथै, बधाई र सम्मान छ सच्चा माग राख्दै आन्दोलनमा होमिएका जेनजी भाइबहिनीहरूलाई । अनि धिक्कार छ, यसैको फाइदा उठाएर लुटपाट र विध्वंसको खडेरी निम्त्याउने ती स्वार्थी सत्तालिप्सेहरूलाई, जसलाई नेपाल आमाले कहिल्यै भलो नगरून् ।

हामी झन्डै दुई दशकदेखि संवैधानिक गणतान्त्रिक व्यवस्थाको अभ्यासमा छौं । जनताले सोचेका थिए, देशमा प्रजातन्त्र र गणतन्त्र आएपछि अब सर्वसाधारण जनताका दैनिक गास, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर राज्यले बन्दोबस्त गर्नेछ । अझ अस्पतालको बेडमा गम्भीर रोग लिएर जीवनसँग लडिरहेका ती आमसर्वसाधारण बिरामीलाई धनको अभावमा मर्न बाध्य पार्ने छैन । स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्नेछ । तर प्रजातन्त्र आएको पनि यतिका वर्ष बितिसक्दासमेत केही विकास भए पनि विकासका नाममा दलबदलमा पोख्त दलका कार्यकर्ता र केही दलाल पुँजीपतिहरूको हालीमुहाली भएकाले देशले मुहार फेर्न सकेन ।

केपी शर्मा ओली नेतृत्वको सरकारले गत भदौ १९ गते नेपाल सरकारसमक्ष आधिकारिक रूपमा कम्पनी दर्ता नभएको भन्दै फेसबुक, युट्युबलगायतका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गर्‍यो । र त्यही मौकामा सञ्जाल बन्द गर्न नपाइने, भ्रष्टाचारीलाई कारबाही गर्ने र सुशासन कायम गर्ने नारासहित जेनजीहरूको आन्दोलन सुरु भयो । उनीहरूको आन्दोलनले विशेषगरी भदौ २३ मा उग्र रूप लियो । उनीहरूले आन्दोलन गर्नुभन्दा अगाडि भनेका थिए, 'हाम्रो आन्दोलन भद्र हुन्छ, तारको वार जाली भत्काउँदैनौं, हत्या हिंसा गर्दैनौं' तर परिस्थिति उल्टो भइदियो र उनीहरूको शान्तिपूर्ण आन्दोलनमा केही पूर्वयोजनाकारको घुसपैठ भयो र आन्दोलनले हिंसात्मक रूप लियो । स्कुल पढ्दै गरेका कलिला बालबालिका तथा सुरक्षाकर्मीहरूले सहादत प्राप्त गरे । तर त्यसको फाइदा अन्य पक्षले लिए । आन्दोलनमा नेताका घरघरमा जाने, घर जलाउने, पैसा र गरगहना लिने, भाटभटेनी सुपरमार्केटलगायत अन्य पसल र घरहरूमा लुटपाट मच्चाइयो ।

सिंहदरबार मात्रै होइन, सर्वोच्च अदालत संसद् भवन, राष्ट्रपति कार्यालय, सयौं सरकारी कार्यालय जलेर नष्ट भएका छन् । सयौं हत्यारा र बलात्कारी भागेका छन् । अख्तियार जलाएर भ्रष्टाचारको प्रमाण जलाइयो र अन्ततः अपराधीहरूलाई नै हौसला बढ्यो । यसमा नेतृत्वविहीन आन्दोलन गर्नु पनि गलत थियो र सोसल इन्फ्लुएन्सरहरूको केही बहकाउने कामले पनि आन्दोलनमा धक्का पुग्यो । आज प्रशासन जलेर आमनेपाली नागरिकको पहिचान जलेको छ । अदालतमा आगो लगाएर न्याय जलेको छ । कयौं रोजगारी दिलाएका व्यापारिक कम्प्लेक्स जलेर खरानी भए । आज सिंहदरबार जल्यो र राणाकालदेखि पञ्चायत, बहुदल, गणतन्त्रसँगै सयौं वर्षदेखिको इतिहास जलेको छ ।

प्रधानमन्त्रीज्यू, तपाईंका सामु चुनौतीका चाङ उभिएका छन् । हाम्रो देश भूराजनीतिक चपेटामा फँसेको छ । देशको राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक अवस्था र अन्तर्राष्ट्रिय परिस्थितिले देश कसरी गाँजिएको छ भन्ने कुरा चिया चौतारी, कोठे बैठक र चोकचोकमा गुड्डीका गफ हाँक्ने र सामाजिक सञ्जालमा स्ट्याटस लेखेर मात्र पनि नहुँदो रहेछ भन्ने कुरा थाहा भइसकेको छ । आज जेनजीको आन्दोलन सही थियो तर प्रतिक्रियावादीले व्यक्तिगत या राजनीतिक प्रतिशोधको फाइदा उठाउँदै आन्दोलनका नाममा धमिलो पानीमा माछा मार्ने काम गरे । केही राजनीतिक दलका कार्यकर्ताहरूको पहिचान पनि भएको हो ।

अबका दिनमा, ठुला दलहरूले सोच्नुपर्छ, आगामी केही महिनामा नै निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ र सो निर्वाचनका लागि दललाई परिष्कृत ढंगले अगाडि बढाउने हो भने, सबै दलका शीर्ष नेतृत्वहरूले राजनीतिबाट विश्राम लिनुपर्ने र तेस्रो तहका नेतालाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ । यस्तो नेतृत्व हस्तान्तरणले समाज रूपान्तरणको बाटो देखाउनेछ ।

प्रधानमन्त्रीज्यू, तपाईंको काँधमा सारा यी पुनरुत्थानका जिम्मेवारी आइपरेका छन् । त्यसैले, आज निर्विकल्प र स्वविवेकले यो र ऊ अनि आफ्ना र अर्को नभनी सक्षम व्यक्तिहरूलाई मन्त्रीमण्डलमा राखि देशको शासन सत्ताको बागडोर सम्हाल्नु हुनेछ भन्ने आशा आमजनताले गरेका छन् । अन्तमा, जे भयो, भयो, अब अतीतको खराब कामलाई सबैले बिर्सेर, बिनास्वार्थमा सबै राजनीतिक दल, जनता, बुद्धिजीवी र विभिन्न तहका व्यक्तिसँग मिलेर देशलाई परायाको चंगुलबाट जोगाउनुपर्छ ।

देशको अस्तित्व रहेमा नै पराइको अधीनमा नरहेको नेपाल अनि सन् १९४५ मा जापान युद्धमा आर्थिक सहयोग गरेको नेपाल अहिले विदेशीको भूराजनीतिक गन्धका कारण आपसमा लड्दै छ । तसर्थ, प्रधानमन्त्रीज्यूले समग्र राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिलाई मध्यनजर राख्दै सुधारका लागि काम गर्नुपर्नेछ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

अरू दलले मिल्ला एमाले, ओली र झोले कमरेडहरूले संसदको कुरा गर्न लाज लाग्नुपर्ने हो । जसले गुट स्वार्थका लागि दुईपटक असंवैधानिक संसद् विघटन गर्‍यो, उसले विरोध गर्ने कुन नैतिक अधिकार राख्छ ? अहिलेको विघटन गुट स्वार्थ र असंवैधानिक हैन, विशेष अवस्था, संविधानवादअनुरूप, जनविद्रोहको उपज हो ।



गोकुल बाँस्कोटा

नीति र विधिको रक्षा भएपछि नेतृत्वको रक्षा स्वतः हुन्छ । ब्रेन ड्रेन, ब्रेन बासपछि ब्रेन हाई ज्याक प्रयास नगर । बरु खुला समीक्षाका लागि पार्टीका फोरम तत्काल आयोजना गर । म्याकाभेलियनवादीहरू मार्क्सवादमा फर्कनासाथ विषय स्पष्ट र गतिशील हुन्छन् । त्यसपछि पन्छने पेटी बुर्जुवा मात्र हुन् ।



केपी ढुंगाना

नयाँ प्रधानमन्त्रीले मिति तोकेर निर्वाचनको जिम्मा लिएकाले सय दिन गन्ने छुट छैन । कसरी काम गर्छन् एक महिना अवलोकन गर्नु पेसागत दायित्व हो । तर हिजोको सत्ताबाट चलेका मुख्य सुरक्षा अंग कसरी दुई दिनमै कोल्याप्स भए, कसले कहाँ धोका दिए यो इतिहासका लागि पनि रेकर्ड राख्नै पर्छ ।



कृष्ण घिमिरे

नकचरो कांग्रेस भन्दै छ- प्रतिनिधि सभा विघटनले लोकतान्त्रिक उपलब्धि धरापमा पर्‍यो । ३६ वर्षे मनपरी, कुशासन र भ्रष्टाचारले कुन चाहिँ लोकतन्त्रको जगेर्ना गरेको थियो ? देशले कांग्रेस र एमालेबाट मुक्ति पाउनु नै थियो । यी झेली छन्, परिवर्तन उल्टाउन बल गर्ने नै छन् । आसा छ, सरकार सजग नै होला ।

# जेनजी आन्दोलनका नाममा तोडफोड र आगजनी निन्दनीय : मुख्यमन्त्री कँडेल

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, २९ भदौ



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले जेनजी आन्दोलनका नाममा भएको तोडफोड र आगजनीको कार्य निन्दनीय भएको बताएका छन् ।

आइतबार सुर्खेतमा पत्रकार सम्मेलन गर्दै उनले आन्दोलनलाई उद्देश्य भन्दा फरक ढंगले प्रयोग गरिएको र जिम्मेवार को हुने भन्ने विषयमा अन्यौल सिर्जना भएको बताए ।

मुख्यमन्त्री कँडेलका अनुसार आन्दोलन सुरु भएदेखि नै गणतन्त्र ल्याउने अभियानमा सहभागी युवाहरूलाई भड्काएर घटना गराइएका छन् । उनले राजधानी काठमाडौंमै समेत अप्रिय घटनाहरू भएको र त्यसको प्रभाव कर्णालीमा पनि देखिएको जानकारी दिए । 'घटना हुनु भन्दा पहिला नै काठमाडौंबाट सुर्खेत आइपुगे । तर सुरक्षाका कारण सञ्चारकर्मीहरूसँग प्रत्यक्ष भेटघाट गर्न सकिनँ,' कँडेलले भने ।

उनले घटनामा सबैभन्दा बढी नोक्सानी कर्णाली प्रदेश सभामा भएको उल्लेख गर्दै प्रदेश सचिव र मन्त्रीहरूसँग आगामी जिम्मेवारी कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल भएको बताए । उनले काठमाडौंस्थित सिंहदरबार र संसद भवन, शीतल निवासलगायतका इतिहास बोकेका सार्वजनिक सम्पत्तिमा तोडफोड र आगजनी भएपछि कर्णालीमा पनि सुरक्षा प्रणाली फितलो पारिएको र जसका कारण आफू सुरक्षालाई मध्यनजर गर्दै कपासेस्थित सेनाको ब्यारेकमा बस्नुपरेको बताए ।

मुख्यमन्त्री कँडेलले जनप्रतिनिधिले गल्ती गरे कानुनी निकायले सजाय दिने प्रावधान रहेको भए पनि व्यक्तिगत प्रतिशोधका आधारमा आन्दोलनलाई भड्काइएको आरोप लगाए । उनले आन्दोलनमा व्यक्ति विशेष र पार्टी विशेषलाई मात्र लक्षित गरिएको भन्दै लेख्नेहरूले जे लेखे पनि आफूले आफ्नो दायित्व र कर्तव्य नबिर्सिने स्पष्ट पारे । उनले भने, 'जेनजीका नाममा भएको आगजनी र तोडफोड स्वीकार्य छैन । समस्याका बाबजुद सरसल्लाह गरेर अगाडि बढ्नुपर्छ।'

प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र बलियो भए समाज आफैं बलियो हुने उनको दाबी छ । मुख्यमन्त्री कँडेलले बजेट कार्यान्वयनको विषयमा प्रदेश मातहतका कार्यालयहरुले आन्दोलनको बहाना नबनाई काम कारबाही अगाडि बढाउनुपर्ने बताए ।

# जिप्रका काठमाडौंद्वारा वैकल्पिक व्यवस्थासहित सेवा प्रवाह



**काठमाडौं/मस-** जिल्ला प्रशासन कार्यालय काठमाडौंले कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत् सञ्चालनका लागि अधिकतम प्रयास भइरहेको र केही सेवाका लागि वैकल्पिक व्यवस्था गरिएको जनाएको छ ।

कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी एवं प्रवक्ता मुक्तिराम रिजालका अनुसार यही भदौ ६ गते अगाडि राहदानीका लागि फोटो खिचिसकेका सेवाग्राहीले राहदानी लिनका लागि भदौ ३१ गतेदेखि सम्पर्क गर्न सक्नेछन् ।

यसै गरी, राष्ट्रिय परिचयपत्रसम्बन्धी अत्यावश्यक सेवाका लागि नारायणहिटी दरबरमा रहेको सेवा इकाइबाट सेवा लिन सकिनेछ । राहदानीसम्बन्धी अत्यावश्यक सेवाका लागि राहदानी विभागबाटै सेवा लिन सकिने सहायक प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिए । यसबाहेक अन्य सेवाका लागि भने भौतिक संरचना, आवश्यक प्रणाली तथा यन्त्र, उपकरणको व्यवस्था गरी शीघ्र व्यवस्थापन गरिनेछ । सेवा प्रवाहसम्बन्धी थप जानकारीका लागि कार्यालयले नियमित रूपमा सूचनामार्फत जानकारी गराउने समेत उनले उल्लेख गरे ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. १९९०/१०/१२
धरान-४, पाँचकन्या-७, ढाँडे

स्वर्गारोहण मितिः
वि.सं. २०८२/०५/१८
धरान-१३, शिवधारा

स्व. बम बहादुर कटुवाल

यस संस्थाका अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष, वरिष्ठ व्यवसायी आदरणीय श्री प्रेम बहादुर कटुवालज्यूका प्रातः स्मरणिय पिता **श्री बम बहादुर कटुवाल** ज्यूको ९२ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजन, इष्टमित्र, बन्धु बान्धवमा धैर्य धारण गर्न सक्ने अदम्य शक्ति प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

अमित राज दाहाल
अपरेशन्स मेनेजर
एवं सम्पूर्ण कर्मचारी परिवार
BLUE SKY
ब्लु स्काई ग्रुप अफ कम्पनिज

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै विन्ति गरुन झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।।
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो । आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जम्म मितिः
१९९०/१०/१२

स्वर्गारोहण मितिः
२०८२/०५/१८

स्व. बम बहादुर कटुवाल

यस **लोक दर्शन वचत तथा ऋण सहकारी संस्था लि.** नयाँ बानेश्वर, काठमाडौंका सञ्चालक समितिका अध्यक्ष श्री प्रेम बहादुर कटुवालज्यूका पुजनीय पिता **बमबहादुर कटुवाल**को मिति २०८२ भाद्र १८ गतेका दिन भएको असामयिक स्वर्गारोहणले हामी लोक दर्शन परिवार मर्माहित एवं स्तब्ध भएका छौं । स्वर्गीय कटुवालको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।
साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, परिवार
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ०१-४५८४३६० ।

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९९०/१०/१२
पाँचकन्या- ७, सुनसरी

स्वर्गारोहण
वि.सं. २०८२/०५/१८
धरान उ.म.न.पा. - १३, सुनसरी

स्व. बमबहादुर कटुवाल


हाम्रा शुभेच्छुक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष, लोक दर्शन वचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तथा **ब्लु स्काई इन्टरनेशनल प्रा.लि.** का सञ्चालक **श्री प्रेम बहादुर कटुवाल**ज्यूका पुजनीय पिता **बमबहादुर कटुवाल**को स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं। स्वर्गीय कटुवालको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

दिल प्रसाद पोखरेल तथा डाइनामिक सेल्स एन्ड सर्भिस प्रा.लि.
हेम गुरुङ तथा एस.ओ.एस. ग्रुप (SOS GROUP)
देवराज कटुवाल वरिष्ठ अधिवक्ता तथा जनआस्था कानुनी सेवा प्रा.लि
अबदुल सत्तार तथा मिडिल इष्ट म्यानपावर प्रा.लि. (M. E. M.)
रघुनाथ पुरी तथा द रिभर म्यानपावर प्रा.लि.
गोविन्दबहादुर कटुवाल तथा सोसियल इम्प्लाईमेन्ट प्रा.लि
राम प्रसाद भान्ताना तथा रोज ओभरसिज प्रा.लि.
कर्णराज कटुवाल तथा डाइनामिक स्टाफिङ सोलुसन नेपाल प्रा.लि.
शम्भुप्रसाद निरौला वरिष्ठ अधिवक्ता तथा हिमालायन ल एसोसियट प्रा.लि.
रामप्रसाद श्रेष्ठ तथा हार्भेष्ट मुन ग्रुप (HARVEST MOON)
राजेन्द्र भण्डारी तथा अरोरा ह्युमन रिसोर्स प्रा.लि.
जनक रावल अध्यक्ष तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
धनलाल जैसी अध्यक्ष तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च (ORFEE)
मिलन कट्टेल तथा एसिया लिंक सर्भिस प्रा.लि (ASIA LINK Services (P.) Ltd.)

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# जेनजी आन्दोलनपछि बन्द रहेका हल आजदेखि खुल्दै



**काठमाडौं/मस–** जेनजी पुस्ताको आन्दोलनका कारण गत सातादेखि बन्द रहेका देशभरका सिनेमा हल सोमबारदेखि फेरि सञ्चालनमा आउने भएका छन् । आइतबार बसेको नेपाल चलचित्र संघको आपतकालीन बैठकले दर्शक र हल सञ्चालकको सुरक्षालाई प्राथमिकता दिँदै हल पुनः सुरु गर्ने निर्णय गरेको हो ।

संघका अनुसार आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट पूर्ण रूपमा ध्वस्त भएको विराटनगरस्थित क्यूएफएक्स हलबाहेक अन्य १६४ वटा हल सञ्चालनमा आउनेछन् । हालसम्मको मूल्यांकनअनुसार केवल विराटनगरको क्यूएफएक्स हलमै करिब १५ करोड रुपैयाँ बराबरको क्षति भएको छ । यस्तै बुटवल, गोंगबु र भक्तपुरमा रहेका अन्य चारवटा हल पनि आंशिक क्षतिग्रस्त बनेका छन् ।

नेपाल चलचित्र संघका महासचिव एवं प्रवक्ता सुरेन्द्र थापाले हल सञ्चालखनका क्रममा कडा सुरक्षा सतर्कता अपनाइने बताए । उनका अनुसार हल सुरु गर्नु अघि सम्बन्धित स्थानीय सुरक्षा निकायलाई जानकारी दिने र दर्शक सुरक्षामा विशेष ध्यान दिइनेछ । संघले हल राति १० बजेभित्र बन्द गर्न निर्देशन दिएको भन्ने समाचारबारे भने संघकै पदाधिकारीहरूले भ्रम नफैलाउन आग्रह गरेका छन् । उपाध्यक्ष गोपालकाजी कायस्थले संघले समय सीमा तोक्ने निर्णय नगरेको र केवल सुरक्षा सतर्कतामा जोड दिएको स्पष्ट पारे ।

गत भदौ २३ र २४ गते जेनजीले भ्रष्टाचार र बेथितीविरुद्ध देशव्यापी प्रदर्शन गरेका थिए । सो क्रममा विभिन्न स्थानमा तोडफोड र आगजनी भयो । आन्दोलन नियन्त्रणका क्रममा प्रहरीले गोली चलाउँदा १९ जनाको मृत्यु भएपछि त्यसको भोलिपल्ट संघले अनिश्चितकालका लागि हल बन्द गर्ने निर्णय गरेको थियो ।

हल सञ्चालनमा आउने भएपछि लामो समयदेखि रोकिएका फिल्महरूको प्रदर्शन पनि निरन्तरता पाउने भएका छन् । 'रिमै', 'कोशेढुंगा', 'माग्ने राजा', 'मोहर', 'गुन्यो चोलो', 'जनै हराएको मान्छे', 'बागी ४' लगायतका फिल्महरू फेरि प्रदर्शनमा आउनेछन् । यस्तै, केही विदेशी चलचित्र पनि रिलिजको तयारीमा छन् ।

हलहरू बन्द हुँदा सबैभन्दा बढी असर नयाँ नेपाली फिल्म 'रिमै'लाई परेको थियो । रिलिज भएको तीन दिनमै हल बन्द हुँदा यसको व्यवसाय रोकिएको थियो । हल सञ्चालनमा आएसँगै अब यसले दर्शक भेट्ने अपेक्षा गरिएको छ ।

यसैबीच क्षतिग्रस्त हलहरूमा सरसफाइ र मर्मतको काम तीव्रगतिमा भइरहेको संघले जनाएको छ । दशैं लक्षित फिल्म रिलिज हुने मिति पनि यथावत राखिएको र अब निर्माताहरूले फिल्म प्रचारप्रसारमा सक्रियता बढाएका छन् ।

चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जनले भने, 'हल फेरि सञ्चालनमा आउनु सम्पूर्ण चलचित्र क्षेत्रकै लागि सकारात्मक संकेत हो । हामी सबै सुरक्षा सतर्कता अपनाएर दर्शकलाई निडर भएर हल आउन वातावरण बनाउन चाहन्छौं ।'


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
नारायणगोपाल चोक, काठमाण्डौ

### यस बैंकमा रहेको बचत डिपोजिट उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०५/३०

श्री थिर बहादुर थापा क्षेत्री/श्रीमती श्यामा देवी थापा को छोरा, श्रीमती आशा थापाको पती,गण्डकी प्रदेश कास्की जिल्ला पोखरा नगरपालिका वडा नं.१६ को स्थायी ठेगाना भई हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.१० बस्ने श्री हरि बहादुर थापा क्षेत्री (ना.प्र.नं ५०४४ जारी मिति २०४३/११/२० जि.प्र.का. काँस्की) को नाममा यस बैंकको नारायणगोपाल चोक शाखा कार्यालयबाट सेफ डिपोजिट लकर नं ७१४२ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको पत्नी, श्रीमती आशा थापा (ना.प्र.नं ६१६१/८७७८ जारी मिति २०४१/२/२३ जि.प्र.का. काठमाण्डौं)ले श्री हरि बहादुर थापा क्षेत्री को मिति बि.सं २०८१/०८/१७ गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नी नाताका श्रीमती आशा थापाले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति वि..स.२०८२/०२/०५ मा आवश्यक कागजात सहित यस बैंकको नारायणगोपाल चोक शाखा कार्यालयमा निवेदन दिनु भएको हुदां निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७९ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकका नारायणगोपाल चोक कार्यालयमा हकदाबी गर्न आउनु होला । अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL



## Ramaroshan Rural Municipality
## Office of the Rural Municipal Executive
Shantada, Achham
Sudurpaschim province, Nepal

### Invitation for electronic Bids

**Publicatin date:- 2082/05/30**

1. The Ramaroshan Rural Municipality invites ope competitive electronic bids from eligible bidders for the following works under National Competative bidders Prrocedure.
2. The Bidders should deposite the cost of bidding document in the office's revenue accounts specified below.
   Name of bank:- Nabil Bank Ltd.
   Name of the office:- Ramaroshan Rural Municipality
   Account Number:-077010175000324 (rajaswa revenue)
   Dharauti Khata no.7701017500020
3. Interested bidder shall submit the electronic bids through www.bolpatra.gov.np/egp on below 12:00 noon on the 2082/06/29 and bids will be opened at 2:00 pm on same day .For Further Information please visit PPMO website www.bolpatra.gov.np/egp

| S. N. | Contract No. | Name of Project/ work | Estimate Amount (Exclusive of VAT) | Bid Security Amount (NRs.) | Fee of bid documrnt NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB/RRM/GOODS/ MED/2082/083-01 | Procument,Supply and Deliver of Medicines | 28,63,241.03/- | 75,000/- | 3,000/- |

Chief Administrative office



## युएईमा रोजगार
कम्पनी : FATIMA FAISAL TECHNICAL SERVICES LLC
शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२९
चलानी नं.: ६०२४४७९७
LT. No.:331037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ६ गते (22 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AASTHA International Employment Pvt. Ltd.
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65



Government of Bagamati Province
Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Infrastructure Development Office
Manbhawan, Lalitpur

### Notice for Amendments

In reference to invitation for bids published on 2082/05/05 (21st Aug 2025) in Gorakhapatra National Daily newspaper and bolpatra.gov.np/egp following amendments has been made as stated below.

| S N | Description of Work and Contract Id No. | Bid Security Amount | Estimated Cost NRs excluding VAT |
|---|---|---|---|
| 1 | Upgrading of Green Valley to Kayastha Nibas Road, Mahalaxmi Mun-9, Lalitpur [IDOLTP/W/NCB/01/2082-83] | NRS 0.033 Million | 13,08,472.94 |
| 2 | Upgrading of Main Road to Patapu Maathilo Pul Road, Taarkeshwor-1, Kathmandu [IDOLTP/W/NCB/28/2082-83] | NRS 0.107 Million | 42,76,788.52 |
| 3 | Upgrading of Gajedhara Ghettekhola Corridor Road, Suryabinayak Mun - 4, 5, Bhaktapur [IDOLTP/W/NCB/31/2082-83] | NRS 0.321 Million | 1,28,30,974.98 |

Office Chief



## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
काटाकुटी, दोलखा
बागमती प्रदेश

### आन्तरिक आय तर्फको बोलपत्र आवहान सम्बन्धि सूचना

मिति: २०८२/०५/३०

यस शैलुङ गाउँपालिकाको देहाए बमोजिमको शिर्षकमा आन्तरिक आय प्रयोजनको लागि राजस्व असुली सम्बन्धि काम आ.व २०८२/०८३ सम्वन्धि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ, सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र योग्य प्रस्तावपत्र दाताहरुले बोलपत्र खरिद गरि देहाएको मिति र समय भित्र E-Bid मार्फत यस कार्यालयमा पेश गर्नहुन आवहान गरिन्छ ।
